का.जि.प्र.का.द.नं. १००/०५९/६०

१८ जेठ २०७९,
बुधबार
1 June 2022,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक ११६ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com



*ललितपुरको प्रसिद्ध रातो मच्छिन्द्रनाथको रथ जात्राका क्रममा मंगलबार ईतिटोलमा मच्छिन्द्रनाथको ३२ हात लामो टुप्पाबाट नरिवल खसाल्दै गुठियार । तस्वीरः रत्न श्रेष्ठ, रासस*

# सतहमा कलह

लगातारको विभाजनको चोटसहित स्थानीय चुनावमा होमिएको नेकपा एमालेका निम्ति सत्तारुढ गठबन्धनविरुद्ध लड्न सजिलो भएन । यद्यपी २०५ स्थानीय तह भने जित्यो । तर हारको कारण भने पार्टी विभाजन र गठबन्धन भन्दा पनि आन्तरिक कलहलाई प्रमुख मानिएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १७ जेठ ।

प्रतिनिधिसभाको प्रमुख दल नेकपा एमाले स्थानीय तहको चुनावमा दोस्रो दलमा खुम्चिएको छ । नेपाली कांग्रेसले ३२९ स्थानीय तह जितेर प्रमुख शक्ति बन्दा एमालेले २०५ स्थानीय तह मात्रै जितेको छ। एमाले भन्दा कांग्रेसले १२४ स्थानीय तह बढी जितेको छ । ०७४ को स्थानीय चुनावमा एमालेले २९४ स्थानीय तह जितेको थियो । दोस्रो शक्ति बनेको कांग्रेसले भने २६६ स्थानीय तह जितेको थियो ।

त्यतिखेर एमाले भन्दा कांग्रेस २८ स्थानीय तह मात्रै जितेको शक्ति बनेको थियो । यसपटक भने एमालेलाई ठूलो अन्तरले पछि पारेको छ। त्यसबेलाको चुनावमा पनि कांग्रेस र नेकपा माओवादी केन्द्रबीच गठबन्धन थियो । गठबन्धनकै उम्मेदवारलाई पराजित गरी एमालेले काठमाडौं र पोखरा महानगर पालिका सहित ठूला शहरहरु लगभग कब्जा गरेको थियो। एघार उपमहानगर पालिका मध्ये एमालेले सात स्थानीय तह जितेको थियो ।

तर यसपटक भने एउटै पनि महानगर जित्न सकेन । एघार मध्ये तीन उपमहानगर मात्रै जितेको छ। एमालेले गठबन्धनका उम्मेद्वार हराउँदै तुलसीपुर, घोराही र कलैया उपमहानगर पालिका मात्रै जितेको छ । ६ मध्ये चार महानगरको उपमेयर भने एमालेले जितेको छ । एमालेले काठमाडौं, ललितपुर, पोखरा र विराटनगरको उपमेयर जितेको छ ।

यसपटक एमालेविरुद्ध गठबन्धन बन्नु मात्रै नभएर तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता प्रक्रिया भंग मात्रै भएन, एमाले समेत विभाजित भयो । पार्टीका संस्थापक एवम् पूर्वप्रधानमन्त्रीहरु माधवकुमार नेपाल र झलनाथ खनाल सहित नेताहरुले नेकपा एकीकृत समाजवादी गठन गरे । पार्टी विभाजनको असर देखिदा एमालेले ठूलो संख्यामा स्थानीय तहको



फाइल तस्बिर

नतिजा गुमाउनु परेको छ । तर एमाले नेतृत्वले भने सत्तारुढ गठबन्धनले सत्ताको दुरुपयोग गरी धादली गरेको निष्कर्ष निकालेको छ । अध्यक्ष केपी शर्मा ओलीले संसद बैठकमै यस्तो निष्कर्ष सुनाएका थिए ।

तर यसपटक अध्यक्ष ओलीको अभिव्यक्ति भन्दा पनि एमाले नेताहरुले भने अन्तर्घातलाई प्रमुख समस्या मानेका छन् । पोखरा महानगर पालिकामा गठबन्धनलाई मत बेच्न गरिएको अडियो बार्गेनिङ सार्वजनिक भएको थियो । त्यही अडियोलाई लिएर एमालेभित्रका दुई समूह एकअर्काविरुद्ध खनिएका छन् । उपमहासचिव पृथ्वीसुब्बा गुरुङ र संगठन विभाग प्रमुख खगराज अधिकारी समूहका नेताहरुले सार्वजनिक रुपमै एकअर्कालाई आरोप लगाइरहेका छन् । टिकट वितरणमा पनि यी दुई समूहबीच समस्या देखिएको थियो । दीपक पौडेललाई टिकट दिइएको टिकट खोसेर फेरि कृष्ण थापालाई दिइएको थियो । पोखरा महानगरको चुनाव भने एकीकृत समाजवादीका धनराज आचार्यले जितेका छन् ।

पोखरा जतिको नभएपनि काठमाडौं महागनर पालिकामा पनि नेताहरुको असन्तुष्टि सार्वजनिक भएका छन् । चुनाव हुनु केही दिन अगाडि मात्रै राम्रो पकड भएका रामवीर मानन्धरले चुनाव जित्न नसकिने सार्वजनिक असन्तुष्टि दिएका थिए । अन्य स्थानमा पनि पार्टीभित्रको असन्तुष्टि सार्वजनिक भइरहेका छन् । लगातार चुनाव जित्दै आएको धरान उपमहागनर पालिकामा यसपटक नजित्नुमा पनि अन्तर्घात भएको निष्कर्ष निकालिएको छ ।

# वर्षा लाग्यो, मेलम्ची बन्द

मेलम्ची खोलाको पानी धमिलो हुन थालेको र सुरुङमा क्षति नहोस् भनेर पानी ल्याउन रोक्न लागिएको आयोजनाका सूचना अधिकारी राजेन्द्रप्रसाद पन्तले जानकारी दिएका छन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १७ जेठ ।

मेलम्ची खानेपानी आयोजना आगामी कार्तिकसम्म पुन बन्द भएको छ । वर्षातका कारण आयोजना जोखिममा पर्नसक्ने भन्दै आयोजनाबाट पानी पठाउन बन्द गरिएको हो । मेलम्ची खोलाको पानी धमिलो हुन थालेको र सुरूङमा क्षति नहोस् भनेर पानी ल्याउन रोक्न लागिएको आयोजनाका सूचना अधिकारी राजेन्द्रप्रसाद पन्तले जानकारी दिए । जल तथा मौसम विज्ञान विभागसँग मौसमी अवस्थाबारे परामर्श लिएर सुरुङ बन्द गरिएको उनको भनाई छ।

अब, मेलम्चीको पानी खान मंसिरसम्म कुनुपर्ने भएको छ। गत ०७८ असारमा आएको भीषण बाढीले आयोजनामा ठूलो क्षति पुऱ्याएर पानी बन्द भएको थियो । त्यसको मर्मत गरेर गत वैशाखमा मात्रै पानी आएको थियो। तर, एक महिना नबित्दै आयोजना बन्द हुनेभएपछि काठमाडौंवासीको पानी खाने सपना पुन अधुरै भएको छ । मेलम्ची आयोजनाबाट दैनिक १७ करोड लिटर पानी काठमाडौं ल्याइँदै आइएको थियो ।

करिब दुई दशक अघि तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले उपत्यकामा पानीको दीर्घकालीन समाधान गर्ने योजना सहित मेलम्ची खानेपानीकको अवधारणा अघि सारेका थिए । सोही आयोजना गत २०७७ सालको फागुनमा काठमाडौं उपत्यकामा भित्रिएपछि धेरैले पानीको अभाव नहुने सपना देखेका थिए ।

तर, गत वर्षको असारमा मेलम्ची आयोजनामा करिब २ अर्ब बराबरको क्षति हुनेगरी बाढी आयो । हेडवकर्सको पक्की संरचनाहरु (पक्की बाँध, गेटहरु, जेनेरेटर घर र कन्ट्रोल हाउस) पुरिनुका साथै निर्माण सामाग्री र निर्माण उपकरणहरु र कन्ट्रयाक्टर लेबर क्याम्प समेत बगाएको थियो । जसले गर्दा करिब ७ महिना मेलम्चीको पानी काठमाडौं आउन सकेन । सफाइ र मर्मतपछि गत चैत २९ मा काठमाडौंतर्फ पानी पुनः पठाएर वैशाखबाट वितरण सुरु गरिएको थियो । तर, पानी वितरणको एक महिना पछि नै आगामी कार्तिकसम्मका लागि आयोजना पुन बन्द भएको छ । प्रतिदिन ८ करोड ५० लाख लिटर पानी प्रशोधन गरेर मानिसका घरघरमा पुर्‍याएपनि आगामी कार्तिकसम्म पानी नआउने भएपछि खानेपानीको समस्या ज्यूँकात्युँ रहेको छ । मेलम्चीको पानी काठमाडौं आएपछि ट्यांकरको र इनारको पानी आवश्यक नपर्ने उपत्यकावासीको सपना सपनामै सीमित भएको छ ।

# जनप्रतिनिधिलाई पार्टी प्रशिक्षण



*भरतपुर महानगरपालिकाको मेयरमा पुनःनिर्वाचित रेनु दाहाल । फाइल तस्वीर*

**अशोक घिमिरे/रासस**
काठमाडौं, १७ जेठ ।

नेकपा (माओवादी केन्द्र)ले गत वैशाखमा सम्पन्न स्थानीय तह सदस्य निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिलाई स्थानीय तहबाटै समाजवादको आधार तयार गर्न निर्देशित गर्ने उद्देश्यले दुईदिने प्रशिक्षण कार्यक्रम आयोजना गरेको छ ।

स्थानीय सरकार सञ्चालन, सेवा प्रवाह, विकास निर्माण, सुशासन, स्वास्थ्य, शिक्षा, बजेट तथा कानून निर्माणलगायत विषयमा विज्ञहरुले प्रशिक्षण दिनेछन् । पार्टीका शीर्ष नेता एवं सङ्घीयताविद्, अर्थतन्त्रविज्ञ, पूर्वमहान्याधिवक्ता, स्थानीय सरकार सञ्चालनका विज्ञ, पूर्वप्रशासकलगायतले विभिन्न विषयमा सहभागीलाई प्रशिक्षण दिने माओवादीले जनाएको छ। अघिल्लो कार्यकालमा उत्कृष्ट काम गरेका स्थानीय तहका प्रमुखले पनि अनुभव आदानप्रदान गर्ने कार्यक्रम राखिएको छ ।

> सत्तारुढ दल नेकपा माओवादी केन्द्रले आफ्नो तर्फबाट निर्वाचित जनप्रतिनिधिलाई दुई दिने प्रशिक्षण दिने भएको छ । माओवादी केन्द्रबाट १२१ स्थानीय तहमा प्रमुख र १२८ जना उपप्रमुख निर्वाचित भएका छन् ।

बुधबार र बिहीबार राजधानीमा प्रशिक्षण आयोजना गरिएको पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव श्रीराम ढकालले बताए । कमलपोखरीस्थित पुरानो कुमारी हलमा हुने प्रशिक्षणको बिहान ११ बजे पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गर्ने कार्यक्रम रहेको छ। प्रशिक्षणमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाका प्रमुख, उपप्रमुख, केही स्वन्तत्ररूपमा निर्वाचित उम्मेदवार गरी २६० जनप्रतिनिधि र पार्टीका शीर्ष नेता एवं पूर्वस्थायी समिति सदस्य सहभागी हुनेछन् ।

उद्घाटन सत्रमा अध्यक्ष प्रचण्ड र नेता नारायणकाजी श्रेष्ठले सहभागीलाई राजनीतिक प्रशिक्षण दिनेछन् । उद्घाटन सत्रपछि पहिलो दिन 'स्थानीय सरकारको कानूनी क्षेत्राधिकार, काम, कर्तव्य र अधिकार' विषयमा पूर्वमहान्याधिवक्ता मुक्ति प्रधानले प्रशिक्षण दिनेछन् ।

'स्थानीय तहमा स्वास्थ्य र शिक्षा' विषयमा पार्टी स्कुल विभाग प्रमुख एवं पूर्वमन्त्री

– बाँकी पृष्ठ २ मा

# कोरियाबाट फर्किएका कामदारका लागि एक अर्ब सहयोग

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ जेठ

दक्षिण कोरियाले रोजगार अनुमति प्रणाली (ईपीएस)मार्फत रोजगारीमा गई फर्केका नेपालीका लागि करिब एक अर्ब सहयोग गरेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता तथा सहसचिव डण्डुराज घिमिरेका अनुसार मंगलबार मन्त्रालयमा त्यस सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ ।

सोमबार अपराह्न मन्त्रालयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्ण कुमार श्रेष्ठ (किसान) र कोरियाली सहयोग नियोग (कोईका)का राष्ट्रिय निर्देशक सुङहुनबीच भएको भेटमा सहयोगका विषयमा छलफल भएको थियो । मंगलबार मन्त्रालयका सचिव एकनारायण अर्यालको उपस्थितिमा मन्त्रालयका सहसचिव रामचन्द्र ढकाल र कोईकाका राष्ट्रिय निर्देशक सुङहुनले समझदारी पत्रमा हस्ताक्षर गरे ।

कोरियाली अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका)ले उपलब्ध गराएको उक्त रकम सम्बद्ध सरकारी निकायको क्षमता अभिवृद्धि, पुनःएकीकरण सबवन्धी सूचनामा पहुँच, कोरियाबाट फर्केर आएका नेपालीहरुको उद्यमशीलता सम्बन्धी क्षमता अभिवृद्धि र वित्तीय पहुँचमा खर्च हुनेछ ।

उक्त रकम नेपाल सरकारको बजेट प्रणालीमा आवद्ध भई संचालन हुनेछ । हाल दक्षिण कोरियामा ६५ हजारभन्दा बढी नेपालीहरु ईपीएसमार्फत गएका छन् । उनीहरू स्वदेश फर्किएपछि पुनःएकीकरण र सीपमूलक तालिमका लागि कोरियाली अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका)ले सहयोग उपलब्ध गराएको हो ।

मन्त्री श्रेष्ठले आगामी आर्थिक वर्षमा सातवटै प्रदेशमा सीप विकास तालिम प्रतिष्ठान संचालन गर्ने सरकारको योजना रहेको बताउँदै कोरिया सरकारसँग सहकार्यको लागि इच्छुक रहेको बताएका छन् । दक्षिण कोरिया सरकारले ईपीएस अन्तर्गत रोजगारीबाट करार अवधि सकिएर फर्किएका कामदारलाई पुनःएकीकरण तालिम सञ्चालन गर्न गण्डकी, बागमती र लुम्बिन प्रदेशमा पुर्वाधार निर्माण गर्ने बताएको छ ।



**वैदेशिक रोजगार विशेष**

## न्युजिल्याण्डको नाममा ठग्ने खत्री पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारका लागि न्युजिल्यान्ड पठाइदिने भन्दै ३० लाख रुपैयाँ ठगी गर्ने एक जनालाई प्रहरीले पक्राउ गरेको छ । नवलपुरको कावासोतीका विकास जोशी र तनँहुका अमृत चन्दलाई कामदार भिसामा न्युजिल्यान्ड पठाइदिने भन्दै दुई जनाबाट १५ लाख रुपैयाँका दरले रकम लिएर सम्पर्कविहीन भई लुकेर बसेका काठमाडौं स्युचाटारका विकास खत्रीलाई प्रहरीले पक्राउ गरेको हो ।

न्युजिल्यान्डमा मासिक साढे २ लाख रुपैयाँ तलबको जागिर लगाइदिने भन्दै पैसा असुलेको प्रहरीले बताएको छ । खत्रीलाई थप अनुसन्धान र कारबाहीका लागि वैदेशिक रोजगार विभाग पठाइएको पनि प्रहरीले बताएको छ ।

## साउदीमा ११८ नेपालले पाए बहिर्गमन भिसा

काठमाडौं/मस- साउदी अरेबियास्थित नेपाली दूतावासको पहलमा ११८ जना कामदारले स्वदेश फर्कने अनुमति (बहिर्गमन भिसा) पाएका छन् । साउदीको आवासीय अनुमति पत्र (इकामा) नबनाइएका वा नवीकरण नगरिएका र कम्पनीले हुरुब लगाएका कारण समस्यामा परेका उनीहरूले स्वदेश फर्कने बहिर्गमन पाएको दूतावासले जनाएको छ । आफ्नो फेसबुक पेजमा बहिर्गमन अनुमति पाएका नेपालीको नाम सार्वजनिक गर्दै दूतावासले सम्पर्क भिसाको प्रति लैजान आग्रह गरेको छ ।

साउदी अरेबियाका दमाम, जुवेल, खोबर र हलहासामा रहेको अध्यागमन कार्यालयले उपलब्ध गराउने बहिर्गमन अनुमति एक्जिट भिसाको सूची पनि सार्वजनिक गर्ने भन्दै स्वदेश फर्किन एक्जिट भिसाको लागि निवेदन दिएका नेपालीहरूलाई नियमितरूपमा दूतावासको फेसबुक पेज हेर्न पनि आग्रह गरेको छ ।

मध्यान्ह
www.madhyanhadaily.com
१८ जेठ २०७९, बुधबार
1 June 2022, Wednesday

### देशभर पाठ्यपुस्तक अभाव

# ३३ लाख थान पाठ्यपुस्तक छाप्न बाँकी



**काठमाडौं/मस–** यस वर्षको शैक्षिक सत्र शुरु भएको तीन साता बित्नैलाग्दा पनि विद्यार्थीको हातमा पाठ्यपुस्तक पुग्न सकेको छैन । विद्यालय तहका कक्षा ४ देखि कक्षा १० सम्मको पाठ्यपुस्तक छपाइ एवं वितरणको जिम्मा पाएको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले सबै पुस्तक समयमै छपाइ तथा वितरण गर्न नसक्दा देशभर पाठ्यपुस्तक अभाव भएको हो ।

सरकारले कक्षा १ देखि ३ सम्मको पाठ्यपुस्तक छाप्ने जिम्मा निजी क्षेत्रलाई दिएपछि जनक शिक्षाले कक्षा ४ देखि १० सम्मको पाठ्यपुस्तक छाप्दै आएको छ । विगतमा पनि केन्द्रले समयमै पुस्तक छाप्न नसकेको भन्दै केही वर्षअघिनै सरकारले निजी क्षेत्रलाई पुस्तक छपाइको जिम्मा दिएको थियो ।

जनक शिक्षाले अझै ३३ लाख थान पाठ्यपुस्तक छाप्नै बाँकी रहेको छ । चालू शैक्षिक सत्रका लागि आवश्यक एक करोड ९८ लाख थान पुस्तक छाप्नुपर्नेमा अहिलेसम्म १ करोड ६५ लाख थान मात्रै पाठ्य पुस्तक पछाई सकिएको केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झाले जानकारी दिए ।

जनक शिक्षाले विद्यालय तहको ८५ प्रतिशत पुस्तक पछाइ सम्पन्न गरेको र १५ प्रशितत छपाइ भइरहेको जनाएको छ । 'यस वर्षको शैक्षिक सत्रलाई जनक शिक्षाले एक करोड ९८ लाख थान पाठ्य पुस्तक छाप्नु पर्ने हो, अहिलेसम्म १ करोड ६५ लाख थान पुस्तक छपाइ सम्पन्न भएर वितरण गरिसक्यौ, बाँकी पुस्तक असार पहिलो सातासम्म छपाई सक्छौ र अबको एक महिनाभित्र नै विद्यार्थीको हातहातमा पुस्तक पुग्छन्', झाले भने ।

केन्द्र बिक्रेतामार्फत ७७ वटै जिल्लामा पुस्तक वितरण सुरु गरिसकेको जनाउँदै उनले काठमाडौं उपत्यकाभन्दा बाहिर हिमाली तथा पहाडी जिल्लालाई प्राथमिकतामा राखेर पुस्तक वितरण गरेको बताए । बहिरी जिल्लामा अपुग भएको पुस्तक दैनिक एकरदुई ट्रक पठाइ रहेको पनि उनले जानकारी दिए ।

केन्द्रका सूचना अधिकृत चित्र आचार्यले पुस्तक वितरण ढिलाइ हुँदा विद्यार्थीको हातमा पुग्न पनि ढिलाई भएको दाबी गरे । उनले देशभर पुस्तक अभाव भनेर हल्ला भएझैं नभएको दाबी गरे ।

'शैक्षिक सत्र शुरु हुनुभन्दा १५ दिन अगाडिनै पुस्तक बिक्री वितरण हुनुपर्थ्यो, यस वर्ष स्थानीय तह निर्वाचनले गर्दा जेठ ९ गतेबाट मात्रै पुस्तक वितरण शुरु भयो, फेरि बाहिर हल्ला भएझैं सबै पुस्तक सबै ठाउँमा अभाव भएको छैन, केही कक्षाका सेटमा एक दुई विषयको पुस्तक अपुग भएको छ, त्यो पनि असारको २० गतेसम्म सबै विद्यार्थीको हात हातमा पुग्छ' उनले भने ।

कक्षा ४, ७ र ९ को कोर्ष नयाँ भएकाले ती कक्षाका सबै विषयको पुस्तक सेटमै सबै विद्यार्थीको हातमा पुगेको दाबी गर्दै उनले ५, ६ र ८ को पुस्तकको हकमा भने सेटमा केही विषय कुनै कुनै जिल्लामा मात्रै अपुग रहेको दाबी गरे । यस वर्ष निजी विद्यालयले पनि जनक शिक्षाको केही पुस्तक केही कक्षामा लगाएकाले केही विषय बजारमा अभाव भएकाले त्यस्ता विषयको पुस्तक बढी छाप्नुपर्ने अवस्था आएको उनको भनाइ छ ।

कागजको नियमित आपूर्ति नहुँदा र जनक शिक्षाले स्थानीय तहको निर्वाचनको मतपत्र छपाईलाई बिशेष ध्यान दिएर त्यसमै जनशक्ति एवं छापाखाना प्रयोग गर्नु पर्दा पुस्तक छपाईमा केही ढिला हुन गएको सूचना अधिकृत आचार्यले बताए । अहिले जनक शिक्षाले दैनिक ८० हजार थान पुस्तक छाप्दै आएको र प्रज्ञा प्रतिष्ठानले २५ हजार थान गरेर दैनिक एक लाख ५ हजार थान पुस्तक छाप्दै आएको उनले जानकारी दिए ।

यसैबीच केन्द्रले पुस्तक छपाईमा ढिलाई गरेपछि संघीय संसद प्रतिनिधिसभाअन्तर्गतको शिक्षा तथा स्वास्थ्य समितिलेसमेत केन्द्रका प्रबन्ध निर्देशक झासँग सोधपुछ गरेको थियो । उनले रुस-युक्रेनबीचको युद्धका कारण कागज नआउदा र स्थानीय तहको निर्वाचनका लागि मतपत्र छपाई गर्दा समयमै पुस्तक छाप्न नसकिएको बताए ।

असोज २४ गते चैतको १० गतेसम्ममा सम्पूर्ण कागज आपूर्ति गरिसक्नुपर्ने सम्झौता कागज सप्लायर्ससँग गरिए पनि त्यस बीचमा रूस-युक्रेन युद्ध सुरु भए पछि कागज आपूर्तीका समस्या भएकाले पुस्तक पछाईमा ढिला भएको दाबी केन्द्रको छ ।

समितिले एक महिनाभित्र पुस्तक छापेर पुस्तक विद्यार्थीसम्म पुऱ्याउन निर्देशन दिएको थियो भने गत आइतबार शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले केन्द्रको अनुगमनमा जाँदा सार्वजनिक बिदा मनाउन घर बसेका झा केन्द्रमा भेटिएका थिएनन् ।

मन्त्री पौडेल अनुगमनका क्रममा केन्द्रका प्रबन्ध सञ्चालक झालाई यस वर्ष शैक्षिक सत्र शुरु हुनु अगाडि नै विद्यार्थीको हातहातमा पुस्तक पुऱ्याउन निर्देशन दिएका थिए । कुनै पनि बाहनामा पुस्तक छपाईमा ढिला र अभाव नहोस् भन्दै मन्त्री पौडेलले निर्देशन दिँदा झाले त्यसबेला यस वर्ष कुनै पनि बाहनामा पुस्तक छपाईमा ढिला नहुने प्रतिबद्धता जनाएका थिए ।

## बैतडीमा पुस्तक अभाव

बैतडी/मस- ५४० सामुदायिक विद्यालय रहेको बैतडीमा पाठ्यपुस्तक अझै पुग्न सकेको छैन । नयाँ शैक्षिक सत्र शुरु भएको दुई हप्ता भइसक्दासमेत पाठ्यपुस्तक नपुगेका हुन् । यही जेठ १ गतेदेखि नै शैक्षिकसत्र शुरु भएकामा पुस्तक नपुग्दा पठनपाठनमा समस्या भएको सम्बद्ध विद्यालयहरुले जनाएका छन् । नयाँ शैक्षिक सत्रसँगै विद्यालय खुले पनि जिल्लामा पाठ्यपुस्तकको अभावमा पठनपाठन सञ्चालन हुन नसकेको केदारनाथ आधारभूत विद्यालयका शिक्षक शङ्करराम ओडले बताए । एक-दुई दिनभित्रै जिल्लामा पाठ्यपुस्तक आइपुग्ने आफूले जानकारी पाएको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख नरेन्द्रप्रसाद अवस्थीले जानकारी दिए ।

जिल्लाका सामुदायिक विद्यालयलाई ८३ हजार पाठ्यपुस्तक आवश्यक भए पनि अहिलेसम्म पाठ्यपुस्तक पुगेका छैनन् ।स्थानीय निर्वाचनका कारण पाठ्यपुस्तक छपाइमा ढिलाइ भएको जानकारी आएको र एक हप्ताभित्र जिल्लामा पाठ्यपुस्तक वितरण हुन सक्ने एकाइ प्रमुख अवस्थीको भनाइ थियो ।

### बाबुछोराको हत्या प्रकरण

# बुहारीसहित तीन जना पक्राउ



**लहान/मस–** सिरहाको अर्नमा गाउँपालिकामा एक साताअघि भएको बाबुछोराको हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले मृतकका बुहारीसहित तीन जनालाई पक्राउ गरेको छ ।

आफ्नै घरमा सुतिरहेको अवस्थामा गत जेठ ७ गते राति अर्नमा गाउँपालिका-१ महनौरका ६० वर्षीय चन्देश्वर पाल र उहाँको १९ वर्षीय छोरा सन्तकुमारको धारिलो हतियार प्रहार गरी हत्या भएको थियो । सो घटनामा संलग्न रहेको आरोपमा प्रहरीले मृतक चन्द्रेश्वरकी बुहारी २६ वर्षीया शान्तिदेवी, स्थानीय ४८ वर्षीय जनिफ मियाँ र सिरहाको गोलबजार नगरपालिका-४ का ६५ वर्षीय बेचु पाललाई पक्राउ गरेको हो ।

घटनालगत्तै संघीय प्रहरी एकाइ कार्यालय जनकपुर, जिल्ला प्रहरी कार्यालय सिरहाको संयुक्त अनुसन्धान टोलीले अनुसन्धान थालेको थियो ।

घटनामा संलग्न रहेको पाइएपछि तीनै जनालाई पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक सुभाष बुढाथोकीले जानकारी दिए । उक्त घटनामा प्रयोग भएको खुकुरी र खुकुरी राखेको झोला र चार थान मोबाइलसमेत बरामद गरिएएको उनले बताए । पारिवारिक रिसिइबीका कारण बाबुछोराको हत्या भएको खुलेको छ । पक्राउ परेका तीनै जनालाई कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालबाट सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# नक्कली नोटसहित दुई जना पक्राउ

**वीरगञ्ज/मस–** पर्सा प्रहरीको टोलीले नक्कली नोट कारोबार गरेका आरोपमा दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बहुदरमाई नगरपालिका-८ का १९ वर्षीय राजाबाबु साह तेली र पटेर्वासुगौली गाउँपालिका घर भई हाल बहुदरमाई नगरपालिका-८ बस्ने २० वर्षीय अजय सहनी छन् ।

पर्सा जगरनाथपुर गाउँपालिका-६ स्थित लागेको दुर्गा भगवती मेलामा नक्कली नेपाली एक हजार दरका नोट साट्दै गरेको अवस्थामा उनीहरूलाई २० थान (२० हजार नक्कली रकम) सहित प्रहरीले पक्राउ गरेको थियो । प्रहरीले नक्कली नोट साटिरहेको खबर पाएपछि इलाका प्रहरी कार्यालय पोखरियाबाट खटिएको टोलीले खोजतलास गर्दै जाँदा उक्त मेलाबाटै नक्कली नोटसहित दुवैलाई नियन्त्रणमा लिइ इलाका प्रहरी कार्यालय पोखरियामा मुद्रासम्बन्धी कसूरमा अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

महिलासहित तीन जना पक्राउ

प्रहरीले मानव बेचबिखन तथा जबर्जस्ती करणी गरेको घटनामा संलग्न रहेको आरोपमा एक महिलासहित तीन जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा संखुवासभा खाँदबारी नगरपालिका-१० घर भई हाल वीरगञ्ज महानगरपालिका-१६ मा कार्की होटल सञ्चालन गर्दै आएकी ४२ वर्षीया लक्ष्मी बुढाथोकी (कार्की), मोरङ जिल्ला कटहरी गाउँपालिका-४ घर भई हाल पर्सा वीरगञ्ज -८ बस्ने २५ वर्षीय सुरजकुमार साह, जुम्ला जिल्ला हेमा गाउँपालिका-३ बस्ने ३५ वर्षीय हरिचन्द्रनाथ योगी छन् ।

वीरगञ्ज-८ स्थित एउटा रेस्टुरामा काम गर्ने सुरजले जेठ ५ गते काठमाडौं बस्ने २५ वर्षीया युवतीलाई विवाह गर्ने प्रलोभन देखाई वीरगञ्ज ल्याएर बसपार्कस्थित एउटा होटलमा पटक-पटक करणी गरेको प्रहरीको आरोप छ । जेठ १० गते लक्ष्मीले युवतीलाई विवाह गर्छु भनेर झुक्याई हरिचन्द्रनाथको जिम्मा लगाएको प्रहरीको दाबी छ । वीरगञ्ज-१६ फूलबारी टोलमा डेरा गरी बस्ने हरिचन्द्रनाथले युवतीलाई कोठामा लगी मानसिक र शारीरिक यातना दिई पटक-पटक जबर्जस्ती करणी गरेको प्रहरीको दाबी छ ।

जेठ १४ गते राति ९ बजे पीडित युवती सो स्थानबाट भागेर आफन्तको सम्पर्कमा पुगेपश्चात सो घटना बाहिर आएपछि प्रहरीले तीनै जनालाई पक्राउ गरेको प्रहरीले जनाएको छ । प्रहरीले तीनै जनालाई जबर्जस्ती करणी र मानव बेचबिखन तथा ओसारपसार कसूरमा अनुसन्धान गरिरहेको जनाएको छ ।

# बालविवाह र छाउपडी प्रथा अन्त्य गर्न माग




**कर्णाली/मस–** कर्णालीमा कुसंस्कारका रुपमा विद्यमान बालविवाह तथा छाउपडी प्रथा अन्त्य गर्न नागरिक समाजका अगुवाले जोड दिएका छन् । क्षेत्री समाज राष्ट्रिय महासंघ केन्द्रीय कार्यसमिति काठमाडौंद्वारा जुम्लामा आयोजित अन्तर्क्रिया कार्यक्रममा राजनीतिक विश्लेषक डा. सुरेन्द केसीले बालविवाहमुक्त कर्णाली निर्माणका लागि सचेतनाका कार्यक्रम सञ्चालन गर्न जरुरी छ भने । 'छाउपडी प्रथाका कारण पनि यहाँका महिलाको अवस्था निकै दयनीय छ', उनले भने, ' बालविवाह तथा छाउपडी प्रथा अन्त्य गर्न सामूहिक प्रयत्नको खाँचो छ ।'

कार्यक्रममा इतिहासकार डा. रमेश ढुङ्गेलले तत्कालीन अधिनस्थ कर्णाली खस राज्यको मष्टो संस्कृति संरक्षण गर्न आवश्यक रहेको जनाए । उनले भने, 'खस सभ्यता संरक्षणका निम्ति खस राजाहरूको ठूलो देन छ । जुम्लाको हाटसिंजामा भाषाको अध्ययन अनुसन्धानका लागि विशेष केन्द्र तथा प्रतिष्ठान निर्माण गर्न जरुरी छ ।'

कार्यक्रममा खस साहित्य तथा संस्कृतिसम्बन्धी जानकार तथा वामपन्थी बुद्धिजीवी रामकृष्ण बुढ्थापाले जुम्लाको कालीमार्सी धानको बिजारोपण ऐतिहासिक पहलकर्ता लक्षालकृति पैकलाले गरेको र त्यसको प्रवर्द्धन गुरु चन्दननाथ बाबाले गरेको बताए । कला, साहित्य र संस्कृतिको केन्द्रविन्दु कर्णालीमा केही कुप्रथाले महिला र दलित वर्गले बढी समस्या खेप्नुपरेको उनको भनाइ थियो ।

# आँखा शिविरबाट ७५७ जना लाभान्वित



**बागलुङ/मस–** गलकोट नगरपालिका-७ मल्ममा सञ्चालित आँखा जाँच तथा शल्यक्रिया शिविरबाट ७५७ जना लाभान्वित भएका छन् । श्रीकृष्ण-भैरव आँखा उपचार केन्द्रको आयोजनामा तीन दिनसम्म चलेको उक्त शिविरमा मोतियाबिन्दु भएका ५१ जनाको निःशुल्क शल्यक्रिया गरिएको थियो । केन्द्र व्यवस्थापन समितिका सदस्यसचिव आमोदकुमार सिँहले शल्यक्रिया गरेका बिरामीलाई औषधि र चश्मा पनि निःशुल्क वितरण गरिएको जानकारी दिए । शिविरमा आएका स्थानीयवासीलाई आँखाको सुरक्षाबारे समेत जानकारी दिइएको थियो ।

शिविरमा श्रीकृष्ण नेत्रालय, भैरहवाका नेत्र विशेषज्ञ डा. सल्मा केसीलगायत चिकित्सक/स्वास्थ्यकर्मी उपचारमा संलग्न थिए । श्रीकृष्ण नेत्रालयको प्राविधिक र घुम्टे युवा परिवार जापान शाखाको आर्थिक तथा व्यवस्थापकीय सहयोगमा शिविर सञ्चालन गरिएको केन्द्रले जनाएको छ ।

यस्तै शल्यक्रिया सेवाका लागि हरि-कृष्ण आई केयर फाउण्डेशन र लायन्स क्लब अफ बुटवल, मणिउजेशले सहयोग गरेको थियो । गाउँका बिरामीलाई लक्ष्य गरी डेढ वर्षअघि मल्ममा श्रीकृष्ण-भैरव आँखा उपचार केन्द्र स्थापना गरिएको थियो । केन्द्रले स्थानीयस्तरमै आँखासम्बन्धी रोगको परीक्षण एवं उपचार सेवा प्रदान गर्दै आएको छ । सुरुदेखि नै केन्द्रलाई चाहिने उपकरणदेखि कर्मचारीको प्रबन्ध श्रीकृष्ण नेत्रालयले नै गर्दै आएको छ । केन्द्रबाट आँखाको जाँच र उपचार नियमित हुँदै आए पनि शल्यक्रिया सेवा भने शिविरका बेला मात्र प्रदान गर्ने गरिएको छ । नेत्र विशेषज्ञ डा सल्मा केसीले दृष्टि जाँच, चश्मा वितरण, आँखा पोल्ने, चिलाउनेलगायत आँखाको प्राथमिक उपचार केन्द्रबाट भइरहेको बताए ।

केन्द्र सञ्चालनमा आएपछि आँखाको सामान्य उपचार गर्न, चश्मा लिन टाढा जानुपर्ने स्थानीयवासीको बाध्यता हटेको छ । गलकोटमै जन्मीएकी डा. केसीले केन्द्र स्थापनाका लागि विशेष पहल लिएकी थिइन् । खाली रहेको रेडक्रस भवनबाट अहिले केन्द्र सञ्चालन भइरहेको भए पनि पछि आफ्नै भवन बनाएर अस्पतालकै रुपमा स्तरोन्नति गर्ने योजना रहेको व्यवस्थापन समितिका अध्यक्ष लोकबहादुर थापाले बताए ।

जनप्रतिनिधिलाई ...

गिरिराजमणि पोखरेल, 'संघीयता र स्थानीय सरकार' विषयमा स्थानीय तहका विज्ञ डा खिमलाल देवकोटा, 'स्थानीय तह र सामाजिक न्याय' विषयमा पार्टीको स्थानीय तह विभागका प्रमुख उर्मिला अर्याल र 'स्थानीय सरकार र सुशासन' विषयमा पूर्वमुख्यसचिव लीलामणि पौड्यालले प्रशिक्षण दिने कार्यक्रम छ ।

दोस्रो दिन अर्थमन्त्री जनार्दन शर्माले 'आर्थिक वर्ष २०७९/८० को सरकारको नीति तथा कार्यक्रम र बजेट', राष्ट्रिय योजना आयोगका सदस्य डा रामकुमार फुयाँलले 'स्थानीय तहको नीति, योजना र कार्यक्रम', पूर्वमन्त्री एवं पार्टीको श्रम, अर्थ तथा योजना विभागका प्रमुख वर्षमान पुनले 'स्थानीय अर्थतन्त्रको निर्माण र नेपाली विशेषताको समाजवाद', चार्टर्ड एकाउन्टेन्ट चन्द्रकान्त भण्डारीले 'स्थानीय तहको लेखा प्रणाली'बारे प्रशिक्षण दिनेछन् । दोस्रो दिन बिहान ८ बजेदेखि पुनः प्रशिक्षण सुरु हुनेछ ।

'स्थानीय तहको बजेट निर्माण' विषयमा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ, 'स्थानीय तहको विद्यालय शिक्षण सिकाइ', विषयमा सुलभ बुढाथोकी, 'स्थानीय तहमा विज्ञान प्रविधिको प्रयोग' विषयमा पार्टीको विज्ञान तथा प्रविधि विभागका प्रमुख एवं पूर्वमन्त्री गणेश साह, 'स्थानीय तहमा सूचना प्रविधि' विषयमा डा शैलेन्द्र गिरी र 'स्थानीय तहमा वन, वातावरण र विपद् व्यवस्थापन'सम्बन्धमा पूर्वमन्त्री शक्तिबहादुर बस्नेतले प्रशिक्षण दिने कार्यक्रम छ ।

अघिल्लो कार्यकालमा उत्कृष्ट काम गरेका प्रत्येक प्रदेशबाट एक/एक स्थानीय तहका प्रमुखले अनुभव आदानप्रदान गर्ने कार्यक्रम राखिएको छ । प्रदेश नं १ को थुलुङ दूधकोशी गाउँपालिकाका अध्यक्ष असिम राई, मधेसको बागमती नगरपालिकाका प्रमुख भरत थापा, बागमती प्रदेशको भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहाल, गण्डकीको बारपाक सुलिकोट गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भट्ट, लुम्बिनीको धुर्कोट गाउँपालिकाका अध्यक्ष भूपाल पोखरेल, कर्णालीको दार्मा गाउँपालिकाका अध्यक्ष नीमबहादुर केसी र सुदूरपश्चिम प्रदेशको अजयमेरु गाउँपालिकाका अध्यक्ष उमेशप्रसाद भट्टले आआफ्नो अनुभव प्रस्तुत गर्नेछन् ।

गत वर्ष सुशासनको क्षेत्रमा सुदूरपश्चिम प्रदेशको अजयमेरु गाउँपालिका र लुम्बिनी प्रदेशको धुर्कोट गाउँपालिका शीर्ष पाँचभित्र परेका थिए । माओवादीले यसअघि २०७४ सालको निर्वाचनमा विजयी जनप्रतिनिधिलाई पनि तीन दिन पार्टी केन्द्रीय कार्यालयमा प्रशिक्षण गरेको थियो । यसपटक विगतभन्दा परिमार्जित ढङ्गबाट प्रशिक्षणको आयोजना गरिएको उनले बताए ।


## मलेशियामा रोजगार

१. कम्पनी: SECURI-PRO PROTECTION & SECURITY SERVICES SDN. BHD.
शहर : Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०२/१७ चलानी नं.: ६०१८०१३० LT. No.: 263590

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: HITACHI INDUSTRIAL EQUIPMENT (MALAYSIA) SDN.BHD. शहर : MALAYSIA

पूर्व स्वीकृत मिति: २०७९/०२/१७ चलानी नं.: ६०१८०१३७ LT. No.: 263591

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ २५ गते (8 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

TILICHO OVERSEASE PVT. LTD.
Gov. Lic No. 1234/074/075
Omnagar Sinamangal -9, Kathmandu, Tel :01 -4111014/9802800273/9861700427/9860979793
Email : tilichooverseas@gmail.com

## कुवेतमा रोजगार

१. कम्पनी : AL WAFIR FOR MARKETING SERVICES COMPANY
शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०७८/१२/१० चलानी नं.: ६०१७६४६१ LT. No.: 260147 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baker - Pastry | 3 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५२,६२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chef De Partie | 2 | 0 | | 220 | ८९,०५१ | | | | | | | |
| 3. | Commi | 5 | 0 | | 125 | ५०,५९७ | | | | | | | |
| 4. | Waiter/waitress | 0 | 1 | | 125 | ५०,५९७ | | | | | | | |

अन्तर्वार्ताको लागि सम्पर्क नं. ९८५१३२२८८४

## मलेसियामा रोजगार

२. कम्पनी : GLOBAL ONE SECURITY SERVICES SDN BHD
शहर : Malaysia

पूर्व स्वीकृत मिति: २०७६/१०/२२ चलानी नं.: ६०१५१२१६ LT. No.: 232593 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MYR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1200 | ३४,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २५ गते (8 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SGMC
SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
(साविक सुर्खेत ओभरसिज प्रा.लि)
Gov. Lic No. 1219/074/075
Sinamangal-9, Kathmandu | Tel: 4473705, 4494457, Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com

हरिजन मृत्यु प्रकरण

# छानबिन गर्न समिति गठन, परिवारले बुझ्े शव

**काठमाडौं/मस–** रोल्पा कारागारमा जेठ ४ गते मृत्यु भएका कैदी सुन्दर हरिजनको घटनाबारे स्थलगत रूपमा सत्यतथ्य छानबिन गरी प्रतिवेदन पेस गर्न सरकारले समिति गठन गरेको छ ।

गृह मन्त्रालयका सहसचिवको नेतृत्वमा समिति गठन भएको हो । गृहमन्त्री बालकृष्ण खाँणले मंगलबार मन्त्रालयका सहसचिव सूर्यप्रसाद सेढाईको संयोजकत्वमा ५ सदस्यीय छानबिन समिति गठन गरेका हुन् ।

समितिलाई काम शुरु गरेको मितिले ७ दिनभित्र प्रतिवेदन पेस गर्न मन्त्रिस्तरीय निर्णयबाट कार्यादेश दिइएको मन्त्रालयका सूचना अधिकारी वसन्त भट्टराईले जानकारी दिए । समितिमा मन्त्रालयका उपसचिव झंकनाथ ढकाल, नेपाल प्रहरीका उपरीक्षक भुपेन्द्र खत्री, राष्ट्रिय अनुसन्धान विभागका उप-अनुसन्धान निर्देशक विश्वमणि आचार्य र जिल्ला प्रशासन कार्यालय बाँकेका प्रशासकीय अधिकृत सदस्य छन् ।

यसअघि हरिजनको आत्महत्या सम्बन्धमा छानबिन गर्न बनाइएको कारागार विभागका निर्देशक झरेन्द्रप्रसाद चापागाईं नेतृत्वको समितिले सोमबार प्रतिवेदन बुझाइसकेको मन्त्रालयका सूचना अधिकारी भट्टराईले जानकारी दिए ।

यसैबीच नेकपा माओवादी केन्द्रकी सांसद अञ्जना विशंखेले हरिजनको मृत्युको छानबिनका लागि संसदीय समिति बनाउन संसदमा माग गरेकी थिइन् ।

मंगलबारको प्रतिनिधि सभा बैठकमा बोल्दै सांसद विशंखेले विजयविक्रम शाहको सट्टामा सुन्दर हरिजनलाई रोल्पा कारागार राखिएको र शाहलाई भने हरिजनको नाममा कारागारबाट छुटाउने षड्यन्त्र गरिएको बताइन् ।



केही दिन अघि सुन्दर हरिजनको कारागारमै मृत्यु भएपछि समग्र घटनाको छानविन गर्नुपर्ने उनको भनाइ छ । सांसद विशंखेले यस घटनाबाट नेपालको सिंगो न्याय प्रणाली, सुरक्षा संयन्त्र र राज्यको पुरै शासन संरचनामाथि प्रश्न उठेको बताइन् । सांसद विशंखेले घटनाको छानविनका लागि संसदीय छानबिन समितिको साथै गृह मन्त्रालयले पनि सरकारको तर्फबाट अर्को छानबिन समिति गठन गर्नुपर्ने बताइन् ।

परिवारले बुझ्े शव

सुन्दर हरिजनको शव परिवारले बुझ्ेका छन् । घटनाबारे छानबिन गर्न गठित समितिले कारागार विभागलाई प्रतिवेदन बुझाएको भोलिपल्ट मंगलबार परिवारजनले शव बुझ्ेका हुन् । कारागार विभागले जेठ ६ मंगलबार विभागका निर्देशक झरेन्द्र प्रसाद चापागाईंको नेतृत्वमा छानबिन समिति गठन गरेको थियो ।

हरिजनको आत्महत्या सम्बन्धमा छानबिन गर्न बनाइएको कारागार विभागका निर्देशक झरेन्द्रप्रसाद चापागाईं नेतृत्वको समितिले सोमबार प्रतिवेदन बुझाएका थिए । सो प्रतिवेदनमा रोल्पा कारागारका अधिकारीको कुनै संलग्नता नरहेको भनिएको थियो ।

नाबालक रहेकै अवस्थामा नेपालगन्जका सुन्दर हरिजनलाई कारागार पठाइएको र जघन्य अपराधमा मुछिएका सुर्खेतका विजयविक्रम शाहलाई छुटाएर हरिजनलाई शाहको सजाय भुक्तान गर्न लगाइएको आरोप परिवारले लगाउँदै आएको छ ।

समिति संयोजक चापागाईंले हरिजनको मृत्यु आत्महत्याबाटै भएको देखिएको, शाह जेलबाट हरिजनको नाममा भागेको तर उनको सजाय हरिजनले नै भोग्दै गरेको पाइएको बताएका छन् ।

बाँकेको नेपालगन्ज-२ स्थित घरवारीटोलका सुन्दर हरिजनको रोल्पा कारागारमा शंकास्पद मृत्यु भएको भन्दै परिवारले दाहसंस्कार गर्न मानेका थिएनन् ।

हरिजनको शव नेपालगन्ज मेडिकल कलेज शिक्षण अस्पताल नेपालगन्जमा राखिएको थियो । घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाही नहुँदासम्म शवको अन्त्येष्टि नगर्ने मृतकका परिवार तथा आफन्तले अडान राख्दै आएका थिए । विजय विक्रमको नाममा सजाय काटिरहेका सुन्दर जेठ ४ गते रोल्पा कारागारको शौचालयभित्र झुण्डिएको अवस्थामा फेला परेका थिए ।

# ठगीको आरोपपछि वडाध्यक्ष फरार

**भादगाउँ/मस–** ठगीको आरोप लागेपछि भक्तपुरको चाँगुनारायण नगरपालिका-७ का नवनिर्वाचित वडाध्यक्ष वडाध्यक्ष श्यामकृष्ण नायजु श्रेष्ठ फरार भएका छन् । भक्तपुरको सुडालस्थित सरकारी जग्गा र विभिन्न व्यक्तिको नाममा रहेको निजी जग्गासमेत जग्गाधनीको अनुमति बिना बिक्रीका लागि बैना लिई ठगी गरेको अभियोग लागेपछि वडाध्यक्ष श्रेष्ठ फरार भएका हुन् । प्रहरीले उनको खोजी गरिरहेको छ । उपत्यका अपराध नियन्त्रण कार्यालय काठमाडौंले मालपोत कार्यालय भक्तपुरको ढोकाबाटै चाँगुनारायण-७ का ७२ वर्षीय केशवप्रसाद अधिकारी र भक्तपुर नगरपालिका-८ का ५८ वर्षीय ईश्वर गाइजुलाई सरकारी जग्गा र व्यक्तिको निजी जग्गा अनुमति बिना बैना रकम लिई ठगी गरेको अभियोगमा गत शुक्रबार पक्राउ गरी थप कारबाहीका लागि जिल्ला प्रहरी परिसर भक्तपुरलाई बुझाएको थियो ।




सोही घटनामा थप अनुसन्धान गर्ने क्रममा वडाध्यक्ष श्रेष्ठलगायतका व्यक्तिको संलग्नता देखिएको र उनीहरु विरुद्ध पक्राउ पूर्जी जारी गरिएको परिसर भक्तपुरका प्रमुख प्रहरी उपरीक्षक शिवकुमार श्रेष्ठले जानकारी दिए । 'वडाध्यक्षसहित ६ जनाको नाममा पक्राउ पूर्जी जारी भएको थियो । केशव अधिकारी र ईश्वर गाइजु हाल अनुसन्धानका क्रममा थुनामा । अन्य चार जना फरार छन्', उनले भने ।

वडाध्यक्ष श्रेष्ठ राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट उम्मेदवार भई निर्वाचित भएका थिए । अधिकारी र गाइजुसहितको टोलीले चाँगुनारायण नगरपालिका-८ मा सरकारी र अन्य व्यक्तिको नाममा रहेको जग्गा जग्गाधनीको अनुमति बिना बिक्रीका लागि बैनाबापत करारनामा गरी रु पाँच करोड २० लाख ठगी गरेको भन्दै खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१४ का धनीराम राईले जाहेरी दिएका थिए ।

मलेसियामा रोजगार | कम्पनी : AEON DELIGHT (MALAYSIA) SDN.BHD.
शहर: KUALA LUMPUR
पूर्व स्वीकृत मिति: २०७६/११/०२ चलानी नं.: ६०१५१७५५ LT. No.: 232984 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Washing/Cleaning Worker | 29 | 0 | स. काममा दक्ष | 1200 | ३४,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २५ गते (8 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

LEADING AIM INTERNATIONAL PVT. LTD
Basundhara-3, Kathmandu, Tel: 01-5904026. Mob.: 9813993444/9851239698/ 9808210594/9803437158
Email: leadingaim04@gmail.com, Web.: www.leadingaim.com.np
Govt. Lic. No.: 1170/073/074

# नवलपरासीमा ७ लाखको युरिया मल सशस्त्र प्रहरीको नियन्त्रणमा



सहबान अन्सारी/मध्यान्ह
नवलपरासी, १७ जेठ ।

नवलपरासीमा ७ लाख मुल्य बराबरको अवैध युरिया मल सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ । रामग्राम नगरपालिका वडा नं. १३ पाडाटिकर स्थित लु २ च १०३२ नम्बरको पिकअपमा लोड गरि राखेको अवस्थामा बिल नभएको ३२ बोरा युरिया मल सशस्त्र प्रहरी र नेपाल प्रहरीसहितको संयुक्त गस्ती टोलीले मंगलबार नियन्त्रणमा लिएको हो । उक्त मलको बिल बिजक नभेटिएपछि नियन्त्रणमा लिएको मल र पिकअप सहित आवश्यक कारबाहीको लागी राजश्व चुहावट नियन्त्रण कार्यालय बुटवल पठाइएको सशस्त्र प्रहरी बल नेपाल नम्बर २६ गण नवलपरासीको सूचना अधिकारी माधव रेग्मीले जानकारी दिए ।

KUWAIT मा रोजगार | कम्पनी : DIRECT DELIVERY COMPANY
शहर: KUWAIT
पुर्व स्वीकृत मिति: २०७९/०२/२१७ चलानी नं.: ६०१८०११९ L.T. No.: 264018

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 15 | 0 | स. काममा दक्ष | 140 | ५६,६६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २५ गते (8 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

OMAMA MANPOWER PVT. LTD.
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu, Tel 4581383
Gov. Lic. No. 1422/074/075
Mob.: 9805945922, 9805945923, 9805956422
E-mail: omamamanpower1422@gmail.com. URL : www.omamamanpower.com

मलेसियामा रोजगारको अवसर | कम्पनी: PACIFIC SUN ENTERPRISE SDN BHD
शहर: KUALA LUMPUR
पूर्व स्वीकृत मिति : २०७९/०२/१७ चलानी नं. : ६०१८०११८ LT. No.: 264031

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | factory worker | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २५ गते (8 June 2022) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

OMEGA POWER MINDS PVT.LTD. Govt. Lic. No. 1178/073/074
साबिक: Taiba Rise Management PVT.LTD
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:taiba.rise@gmail.com

# सगरमाथा आरोही गायक लामालाई सम्मान

**काठमाडौं/मस–** विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेर फर्किएका गायक राजु लामालाई भक्तपुरमा सम्मान गरिएको छ ।

भक्तपुरको गठ्ठाघरमा मंगलबार आयोजना गरिएको सम्मान कार्यक्रममा मध्यपुर ब्वाइज व्याण्डका निर्देशक सुनिल बज्राचार्यले गायक लामालाई सम्मान गरेका हुन् । चर्चित साङ्गीतिक समूह मङ्गोलियन हर्टका गायक लामाले सगरमाथाको सफल आरोहण गर्नुका साथै सात हजार ९०० मिटरको उचाइमा एकल साङ्गीतिक कार्यक्रम सम्पन्न गर्दै विश्व किर्तिमान राखेका थिए ।

मध्यपुरथिमि नगरपालिकाका नवनिर्वाचित प्रमुख सुरेन्द्र श्रेष्ठ, उपप्रमुख विजयकृष्ण श्रेष्ठ, वडाध्यक्ष कृष्णहरी आचार्यलगायत वडा सदस्यलाई समेत बज्राचार्यले सो अवसरमा सम्मान गरिएको थियो ।

नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०२/१८

आशाकुसा अल्वर्ट एजुकेशन सेन्टर प्रा.लि.को मिति २०७९/०२/०९ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी श्री ई. ग्लोबल प्रा.लि. कायम गर्ने गरी मिति २०७९/०२/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

याङवरक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थर्पु, पाँचथर

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति: २०७९/०२/१८

यस कार्यालयको मिति २०७९/०१/११ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा EGP–II System मार्फत आह्वान गरिएको तपशिलको निर्माण कार्यमा पेश भएका बोलपत्रदाताहरुबाट प्राप्त प्राविधिक एवम् आर्थिक प्रस्तावहरु मध्ये मिति २०७९/०२/११ गते खोलिएका बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावहरु मूल्याङ्कन समितिबाट मूल्याङ्कन सम्पन्न भई मिति २०७९/०२/१६ गतेको निर्णयले स्वीकृत गरी तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) उपनियम ५ बमोजिम निम्नानुसारको मिति, समय र स्थानमा निजहरुको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

**आर्थिक प्रस्ताव खोलिने मिति र समय: २०७९/०२/२५ गते दिनको १२:०० वजे**

**स्थान: याङवरक गाउँपालिकाको कार्यालय, थर्पु, पाँचथर ।**

**तपशिल:**

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|---|
| १ | YRM/NCB/Works/ No-14-78/79 | थर्पु मा.बि. भवन निर्माण | हिमतारा पूर्वाधार विकास कम्पनी प्रा.लि. इटहरी, सुनसरी |

प्रमुख प्रशासकीय अधिकृत

Zero Cost Recruitment for Malaysia
मलेसियामा शुन्य लागतमा रोजगार
Free Passport, Free Visa, Free Ticket, Free Service Charge, Free Medical, Free PCR, Free Transport & free Lodging-fooding, Free Insurace, Free Welfare Fund, Free Orientation Charge
फ्रि राहदानी, फ्रि भिषा, फ्रि टिकट, फ्रि सर्भिसचार्ज, फ्रि मेडिकल, फ्रि पिसिआर, फ्रि यातायात, फ्रि आवास-फ्रि खाना, फ्रि बिमा, फ्रि कल्याणकारी कोष, र फ्रि अभिमुखिकरण शुल्क

रोजगारदाता कम्पनी : FONTERRA BRANDS (MALAYSIA) SDN. BHD.
पूर्व स्वीकृती मिति: २०७९/०२/१७ चलानी नं. ६०१८००९१ LT No. : 263330
Pre-approval Date: 2022/02/17 Dispatch No.: 60180091 LT. 263330

| S.N. क्र.स. | Category कामदारको पद | QTY. माग संख्या पुरुष Male | QTY. माग संख्या महिला Female | Qualification योग्यता | Salary मासिक तलब RM | Salary मासिक तलब NRS. | Working Hrs./Day प्रतिदिन काम गर्ने घण्टा | Working days /week हप्तामा काम गर्ने दिन | Yearly Holidays/Over Time Facility बार्षिक बिदा/ ओभर टाईम सुविधा | Food खाना सुविधा | Accomodation बस्ने सुविधा | Contract Period करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 71 | 00 | Experienced in the related field. | 1500 | 42,592 /- | 8 hours a day | 6 days a week | as per company rule | No | Provided by company | 2 years |
| १. | सामान्य कामदार | ७१ | 00 | सम्बन्धित काममा दक्ष | १५०० | ४२,५९२/- | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | रोजगारदाता कम्पनीले दिनेछ | २ वर्ष |

| Pre-Medical Expenses In Nepal (स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने) | Medical Expenses In Malaysia (बिदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने) | Insurance Expenses In Nepal (स्वदेशमा गरिने बिमा खर्च कसले गर्ने र कति लाग्ने) | Insurance Expenses In Malaysia (रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने) | Ticket Expenses (हवाई टिकट कसले दिने र कति लाग्ने) | Visa Expenses (भिषा शुल्क कसले दिने र कति लाग्ने) | Welfare Fund (कल्याणकारी कोष) | Orientation Charge (अभिमुखीकरण शुल्क) | Recruitment Agency Service Charge (सेवा शुल्क) |
|---|---|---|---|---|---|---|---|---|
| By Company (रोजगारदाता कम्पनीले) | By Company (रोजगारदाता कम्पनीले) | By Company (रोजगारदाता कम्पनीले) | By Company (हुने, रोजगारदाता कम्पनीले) | Provided By The Company Free of Cost (नि:शुल्क रोजगारदाता कम्पनीले) | | Npr. 1500 By Company (ने.रु. १५००/- रोजगारदाता कम्पनीले) | Npr. 700 By Company (ने.रु. ७००/- रोजगारदाता कम्पनीले) | Provide By The Company (रोजगारदाता कम्पनीले दिने) |

Fonterra Brands (Malaysia) Sdn. Bhd. dose not impose any Recruitment/Placement Fee for this Employment.
फन्टेरा ब्रान्ड कम्पनी मलेसियाले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागु गर्ने छैन ।

Note - नोट :

- Applicants are requested to submit their application directly without using any mediators. Applicant's (Family) members/Relatives/Friends) are not required to make any payments for this Employment. (आवेदकलाई कुनै पनि मध्यस्तकर्ताको प्रयोग बिना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य/आफन्त/साथीभाई) ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।)
- We will not discriminate Workers or potential workers in any way (हामी कुनै पनि हिसाबले कामदारहरु वा सम्भाव्य कामदारहरु सँग भेदभाव गर्ने छैनौं ।)
- No one is allowed to take or give any gifts or bribes from suppliers and customers. (उपहार वा घुस आपुर्तिकर्ता र ग्राहकहरुबाट कोही कसैलाई पनि लिन वा दिन अनुमति छैन ।)
- We ensure that no worker is required to pay force deposit, bond, deductions from wages to cover recruitment fees. (हामी सुनिश्चित गर्छौं कि भर्ना शुल्क उठाउनको लागि कुनै पनि निक्षेप, ऋणपत्र वा ज्याला कटौती गराउन बाध्य गराउने छैन ।)

Interview will be held on 9, 10, 12 & 13 June 2022 (2079 Jesth 26, 27, 29 & 30) by Company Representative in Own Office, Bouddha, Kathmandu, Nepal.
अन्तरवार्ता २०७९ जेठ २६, २७, २९ र ३० गते ( 9, 10 ,12 & 13 June, 2022) यस प्रा. लि. को कार्यालय बौद्ध, काठमाडौंमा हुनेछ ।

लाल धनुष ईन्टरनेशनल सर्भिस प्रा.लि.को कुनै शाखा तथा तथा मध्यस्थकर्ता छैन । वैदेशिक रोजगारकमा जाने कामदारहरुबाट लाल धनुष ईन्टरनेशनलले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने । Lal Dhanus International does not have any branch or mediator representative. Lal Dhanus International Service is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

**Information by Department of foreign employment:** 1. Take note of the number and address of embassy in which conutry you are heading for so that they help you if incase you get problems and difficulties. 2. As mentioned in this advertisement (information) there is no cost other than pre-medical, so please do not pay anyone. 3. Please take orientation class compulsory before the departure. 4. Please do the sing on the agreement paper after reding carefully about the company, it's address facilities, salary and others terms and condition. And keep safe one copy yourselves. 5. Please use Kathmandu international airport only while departure, otherwise you may cheated. 6. If you want do know more about this advertisement then you can please contact nepal labour & employment department in Buddhanagar, New Baneshwor.

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस बिज्ञापन (सूचना) मा उल्लेख भए अनुसार प्रि–मेडिकल बाहेक अन्य कुनै खर्च नलाग्ने हुँदा कहिकतै कोहि कसैलाई रकम नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला ।४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

लाल धनुष ईन्टरनेशनल सर्भिस प्रा. लि.
श्रम ईजाजत नं.: ५७६/०६२/६३
महांकाल, बौद्ध, काठमाडौं, फोन: ०१-५२१००५६, ५२१००५७

मध्यान्ह
www.madhyanhadaily.com
१८ जेठ २०७९, बुधबार
1 June 2022, Wednesday

## सम्पादकीय

### बजेटहरुकै समीक्षा

अर्थमन्त्री जनार्दन शर्माले आगामी आर्थिक वर्ष ०७९/८० का लागि संघीय संसदमा पेश प्रस्तुत बजेटमाथि छलफल चलिरहेको छ । अर्थमन्त्री शर्माले आइतबार १७ खर्ब ९३ अर्ब ८३ करोडको बजेट पेश गरेका छन् । चालु आव भन्दा डेढ खर्ब बढाएर प्रस्तुत गरेको बजेटमाथि सत्तारूढका सांसदहरूले बचाऊको प्रयत्न गरिरहेका छन् । सत्ता गठबन्धनमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चामा छन् । सत्तारूढ गठबन्धनका सांसदहरूले जनताको समस्या र वर्तमान आवश्यकता पूरा गर्नेगरी बजेट ल्याएको दावी प्रस्तुत गरिरहेका छन् । उनीहरूको तर्क छ– यसपटकको बजेट बिगतका वर्षहरूको भन्दा उत्कृष्ठ छ । तर विपक्षी दल नेकपा एमालेले भने बजेटबारे संस्थागत धारणा नै बनाएको छ ।

सोमबार नयाँ बानेश्वरस्थित संसद भवनमा एमालेले संसदीय दलको बैठक राखेर बजेटबारे संस्थागत निर्णय लिएको छ । अध्यक्ष एवम् संसदीय दलका नेता केपी शर्मा ओलीले आफ्ना सांसदहरूलाई बजेटबारे भण्डाफोर गर्न आफ्ना सांसदहरूलाई निर्देशन दिएका छन् । त्यसका लागि पूर्वअर्थमन्त्रीहरू सुरेन्द्र पाण्डे, विष्णुप्रसाद पौडेल, डा.युवराज खतिवडा लगायतले बजेटको कमजोरीबारे सांसदहरूलाई जानकारी दिएका थिए । त्यही कमजोरी संघीय संसदमा प्रस्तुत गर्न अध्यक्ष ओलीले आफ्ना सांसदहरूलाई निर्देशन दिएका छन् । एमालेले यो बजेटले प्राथमिकता बिर्सिएको, वर्तमान समस्या भुलेर स्वर्ण सपना देखाइएको, आय र खर्चको स्रोत व्यवस्थापन उचित नभएको लगायत कमजोरी औल्याएको छ । विश्वव्यापी आर्थिक संकटबाट मुलुकलाई जोगाउनुपर्ने भएपनि बजेटले दीर्घकालीन महत्वका परियोजना अगाडि बढाएर चुनाव प्रभावित पार्ने प्रयास गरेको एमालेको निष्कर्ष छ ।

संसदमा बजेट प्रस्तुत भइरहँदा सांसदहरू कसरी प्रस्तुत हुन्छन् भन्ने आम अनुमान सजिलै गर्न सकिने प्रवृत्ति देखिने गरेको छ । यो वर्ष पनि त्यही प्रवृत्ति देखिएको छ– सत्ता पक्षले जोगाउने र विपक्षीले विरोध गर्ने । जबकी सरकारले बजेट ल्याउने र सांसदहरूले त्यसमाथि आवश्यक बिमर्श गरेपछि पारित हुने हुनुपर्ने हो । तर सत्तामा टिकिरहन वा जनमत प्रभावित बनाउनेगरी बजेट आउन थालेपछि सत्ता र प्रतिपक्षीको भूमिका समेत पूर्वनिर्धारित हुन थाल्यो । विपक्षीले जसरी पनि विरोध गर्नैपर्ने र मन नलागे पनि सत्तारूढले समर्थन गर्नै गर्ने जस्तो देखिने गरेको छ । त्यसको मूल कारण भनेको आवश्यकता आधारित नभएर चुनाव केन्द्रीत कार्यक्रमलाई जोड दिइनु हो । त्यसैले बजेटको नभएर बजेटहरूकै समीक्षा जरूरी देखिन्छ ।

## सामाजिक सञ्जाल



- नारायण शर्मा

बजेट : बाँझो जमिन 'लिज'मा उपलब्ध गराइने । यो हावादारी कार्यक्रम हो । एक त त्यस्तो बाँझो जमिन पाउनै मुस्किल छ, अर्को तर्फ पाइए पनि किसानले उत्पादन लागत व्यहोरी, त्यसबाट प्राप्त नाफाले त्यो जमीनको भाडा तिर्न नसकेका उदाहरण प्रशस्त छन् ।




- महारूद्रप्रसाद पोखरेल

बहुदलका निकृष्ट बुढा पुस्ताको अज्ञान, अनीति र अनाचारलाई निर्भिकता र जनजागृतिका साथ छिचोल्दै जाने हो भने देशमा हजारौं साङ्पाङ र लाखौं बालेनको उदय हुने निश्चित छ । त्यसपछि मात्र देशमा मौलिक अखण्ड राष्ट्रिय एकताको पुनर्जागरण भई सशक्त रूपमा राष्ट्रिय नौलो व्यवस्थाको भव्य आगमन हुनेछ !




- कृतिका थारू

बालेन चुनावमा निर्वाचित मेयर हुन् । सफतमा आफ्नी श्रीमतीलाई सँगै राख्दा के बिर्गियो ? काठमाडौं महानगरपालिकाभित्र सेनाका महत्वपूर्ण संरचनाहरू छन्, यसको व्यवस्थापनका लागि प्रधानसेनापतिसँग भेट्नु सकारात्मक हो । फेरि उनले भारतीय सेनापतिलाई भेटेका होइनन्, किन नकारात्मक रूपमा लिने ?



- सन्तोष घिमिरे

स्थानीय चुनाव सकियो, मेलम्चीको खानेपानीको ढोका बन्द भो ! अब संघीय चुनाव अघि कार्तिकमा मात्रै काठमाडौंमा पानी आउने ! चुनाव आउन लाग्दा पानी आउने, चुनाव सकिएपछि रोकिने ! काठमाडौंवासीलाई खानेपानीको सधैं हाकाहाकार !



- रामेश कोइराला

बिजुलीको अनवरत आपूर्ति र महशुलमा कटौति गर्ने हो भने जनतालाई इन्डक्सन चुलो बाँड्नै पर्दैन, आफैं किन्छन् हउ सरकार ! अब लोक रिझ्याइँमै मस्त हुने हो भने अर्को वर्ष इन्डक्सनमा काम लाग्ने तपेस, कुकर, कित्लीहरू पनि बाँड्नू ल ! अनि यो जिन्सी बाँड्ने रहर चैं सामान किन्दा कमिसन आउने भएर हो ?

# बजेटको आधारभूत मर्ममाथि प्रहार

अग्रलेख



● विष्णु पौडेल

आगामी मंसिर महिनामा प्रतिनिधिसभाको कार्यकाल पुरा हुँदैछ र मंसिरभित्रै हामी प्रतिनिधिसभाको निर्वाचनमा जाँदैछौं । वर्तमान सरकारको कार्यकाल पनि बढीमा त्यही अवधिसम्म मात्र हो, यस अर्थमा यो चुनावी सरकार हो । तर, पाँच महिनाको चुनावी सरकारले सीमा मिचेर भर्खरै निर्वाचित भएको पूर्ण अवधिको सरकारले जसरी बजेट प्रस्तुत गरेको छ । भोलि चुनावबाट आउने सरकार र मुलुकलाई नै बोकी नसक्नुको आर्थिक दायित्व सिर्जना गरेको छ । यो बजेट आगामी ५ महिनाका लागि दैनिक प्रशासनिक खर्च, चालु आयोजनाको निरन्तरता र प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा आवश्यक पर्ने खर्चका लागि स्रोत व्यवस्थापन र बिनियोजनमा केन्द्रित हुनु पर्दथ्यो । संकटपूर्ण बन्दै गएको अर्थतन्त्रलाई ठीक बाटोमा फर्काउन तत्काल चाल्नुपर्ने कदममा केन्द्रित हुनु पर्दथ्यो । तर, विडम्बना अर्थतन्त्रका चुनौतीहरुलाई बेवास्ता गरिएको छ र सस्तो लोकप्रियताका लागि अनुकूल ठानिएका र विनातयारीका दीर्घकालीन प्रकृतिका कार्यक्रमहरुको चाङ्ग लगाइएको छ ।

सारतः यो बजेट, बजेट नभएर सत्तारुढ गठबन्धनको चुनावी घोषणापत्र जस्तो, चुनावी पर्चा जस्तो छ । यो मतदातालाई भ्रममा पारेर भोट बटुल्ने उद्देश्यले आएको छ । राज्य शक्ति र राज्यको स्रोतलाई दल विशेष वा दलहरुको गठबन्धनको हितमा दुरुपयोग गर्न पाइँदैन । तर, यहाँ त्यही नहुनुपर्ने भएको छ, राज्यको स्रोतलाई आफ्नो पक्षमा मतदाता रिझाउने उद्देश्यका लागि दुरुपयोग गरिएको छ । यस अर्थमा प्रस्तुत बजेटले बजेटको मर्ममाथि गम्भीर प्रहार गरेको छ ।

### ■ नकारात्मक आर्थिक परिसूचकहरु

मुलुकको आजको आर्थिक अवस्थालाई बेवास्ता गरेर भोलिको बजेट बन्न सक्दैन । आजको जगमा भोलिको बजेट बन्ने हो । कोभिड महामारीलगायतका चुनौतीहरुको सामना गर्दै अघिल्लो सरकारले यो सरकारलाई तुलनात्मक रुपमा सवल अर्थतन्त्र हस्तान्तरण गरेको थियो । तर, यो सरकार बने यता सबैजसो आर्थिक परिसूचकहरु दिन प्रतिदिन नकारात्मक बन्दै गएका छन् । यतिबेला, व्यापार घाटा चुलिएको छ । ९ महिना मै १३ खर्ब नाघेको छ । विदेशी विनिमय सञ्चिती जोखिमको स्तरमा छ । ६.६ महिनाको भन्दा बढीको आयातमात्र धान्न नसक्ने अवस्थामा छ । चालु खाता घाटा ५ खर्ब १२ अर्ब अर्थात् कूल गार्हस्थ्य उत्पादनको १० प्रतिशतभन्दा माथि पुगेको छ । सोधनान्तर घाटा २ खर्ब ६८ अर्ब पुगेको छ । मूल्यवृद्धि ७.२८ प्रतिशत पुगेको छ । पूँजीगत खर्च निराशाजनक अर्थात १० महिनामा ३१ प्रतिशत छ । तरलता अभाव कहालीलाग्दो अवस्थामा पुगेको छ । बैङ्किङ प्रणालीमा लगानी योग्य पूँजी उपलब्ध छैन ।

सरकारले तिर्न पर्ने ऋण १८ खर्ब ४८ अर्ब अर्थात कूल गार्हस्थ्य उत्पादनको ३८ प्रतिशत नाघेको छ । आर्थिक वर्ष २०७९/८० मा मात्र आन्तरिक र बाह्य ऋणको साँवा र व्याज गरी १ खर्ब ८७ अर्ब तिर्नुपर्ने अवस्था छ । मुलुक आर्थिक दृष्टिले भयानक संकटको डिलमा पुगेको छ र कुनै पनि बेला डिलबाट खस्न सक्ने अवस्था छ । बजेट निर्माण गर्दा मुलुकको यथार्थ आर्थिक अवस्था र उपलब्ध साधनस्रोतलाई बेवास्ता गरेर कल्पनामा विचरण गरिएको छ । राजस्व, वैदेशिक अनुदान, वैदेशिक ऋण, आन्तरिक ऋणलगायत स्रोतको अनुमान मनोगत र सामर्थ्यभन्दा बाहिर छ । गत वर्षको तुलनामा साधारण खर्च बढाइएको छ, पुँजीगत खर्च घटाइएको छ । आवश्यक अध्ययन, स्रोतको प्रवन्ध र कार्यान्वयन हुने आधार तयार नगरी ठूल्ठूला कार्यक्रम र योजनाहरु प्रस्ताव गरिएको छ ।



### ■ आर्थिक वृद्धिदर आधारहीन र भ्रामक

आर्थिक वृद्धिदर अर्थतन्त्रको प्रमुख आर्थिक परिसूचक हो । यसले समग्र अर्थतन्त्रको मापनको प्रतिनिधित्व गर्दछ । नीति तथा कार्यक्रम, सरकारको विकास निर्माण र सामाजिक परिवर्तन तथा रुपान्तरणका योजना, कार्ययोजना र प्राप्त उपलब्धिहरुको साझा निष्कर्षको एक महत्वपूर्ण परिचायक हुन्छ । आर्थिक वृद्धिदरको निर्धारण सुविचारित, यथार्थपरक र हासिल गर्न सक्ने हुनुपर्दछ । सभामुख महोदय, यो बजेटले निर्धारण गरेको ८ प्रतिशतको आर्थिक वृद्धिदर पूरै आधारहीन, अविश्वसनीय र प्राप्त गर्न नसकिने छ ।

नेपाली अर्थतन्त्रको इतिहासको समीक्षा गर्दा हामी पाउँछौं कि कूल गार्हस्थ उत्पादनको आधार (बेस अफ जीडीपी) परिवर्तन गरिएको वर्षमा बाहेक ७ प्रतिशतभन्दा माथिको आर्थिक वृद्धिदर छैन । गत वर्षमात्र कूल गार्हस्थ उत्पादनको आधार, बेस परिवर्तन भएको हुँदा यो वर्ष आधार परिवर्तन गर्ने प्रश्नै भएन । त्यसर्थ, ८ प्रतिशत आर्थिक वृद्धिदरको लक्ष्यले नेपाली जनता र दातृ संस्थाहरुलाई झुक्याउने र नेपाली अर्थतन्त्रको विश्वसनीयता गुमाउनेबाहेक अरु केही सकारात्मक नतिजा दिँदैन ।

आर्थिक वृद्धिदरको विश्वव्यापी प्रवृत्ति हेर्दा अर्थ मन्त्रालय स्वयंले २०७८/७९ को आर्थिक सर्वेक्षणमा विश्व अर्थतन्त्रको आर्थिक वृद्धिदर सन् २०२२ मा ३.६ प्रतिशत हुने, आईएमएफको स्रोत उल्लेख गर्दै बताएको छ । आईएमएफले हाम्रो जस्तो न्यून आय भएका विकासशील अर्थतन्त्रको आर्थिक वृद्धिदर ५.४ प्रतिशत अनुमान गरेको छ भने दक्षिण एसियाली देशहरुको अर्थतन्त्रको सरदर आर्थिक वृद्धिदर ५ प्रतिशत अनुमान गरेको छ । हाम्रो आर्थिक परिसूचकहरुको निष्पक्ष, आग्रहरहित र यथार्थपरक विश्लेषण गर्दा करिब ५ प्रतिशतभन्दा माथि आर्थिक वृद्धिदर पुग्न सक्ने सम्भावना छैन ।

पूँजी लगानी, सम्भाव्य उत्पादन क्षमता र समग्र स्रोतसाधनको पूर्ण परिचालनका आधारमा आर्थिक वृद्धिदर निर्धारण गर्ने प्रचलन हो । पूँजी लगानी त अपुग छँदैछ, अन्य दुई प्रमुख आयामहरुमा कुनै हेक्का नै नगरी यो गठबन्धन सरकारले आर्थिक वृद्धिदर निर्धारण गरेको छ । यसबाट बजेटको आधारभूत संरचना, उद्देश्य, नीति, कार्यक्रम, आयोजना, स्रोत र खर्चको अनुमान तथा यसले ल्याउने समग्र प्रभावहरुको आँकलन सम्पूर्ण रुपमा गलत छ भन्ने पुष्टि हुन्छ । बजेटको प्रमुख घोषणा नै गलत र प्राप्त हुन नसक्ने छ ।

### ■ मुद्रास्फीतिको सीमाको अनुमान भ्रामक

अर्थमन्त्रीले मुद्रास्फीतिलाई ७ प्रतिशतमा सीमित गर्ने घोषणा गर्नुभएको छ । अहिले नै मुद्रास्फीति ७ प्रतिशतबाट उकालो लागिसकेको छ । बजेटले ८ प्रतिशतको आर्थिक वृद्धिदर हासिल हुने र मुद्रास्फीति ७ प्रतिशतमा सीमित रहने भन्दै गर्दा यथार्थमा आगामी आर्थिक वर्षको मुद्रास्फीति कति प्रतिशत हुनसक्छ, सामान्य हिसाब गर्दा अनुमान गर्न सकिन्छ ।

अर्कोतर्फ हाम्रो उत्पादन रातारात, जादुको शैलीमा, नाटकीय ढंगले वृद्धि हुने सम्भावना छैन । विश्वव्यापी आपूर्ति प्रणाली समस्याग्रत छ, इन्धनलगायतका इन्पुटको मूल्य बढेका कारण उत्पादन लागत अकाशिएको छ । यो परिस्थितिमा कसरी ७ प्रतिशतको सीमाभित्र मुद्रास्फीति रहन सक्छ, के आधारमा यो सीमा निर्धारण भएको छ, यो अविश्वसनीय छ । यो बजेटले मुलुक र नेपाली जनता, खासगरी दैनिक कमाइबाट गुजारा गर्ने, श्रमिक वर्ग र न्यून आय भएका जनसमुदायको जीवनलाई अझ कठिन बनाउनेछ ।

### ■ गरिबी निवारणको लक्ष्य जनता झुक्याउन केन्द्रित

गरिबी हाम्रो साझा दुश्मन हो । हाम्रा सम्पूर्ण प्रयासहरु गरिबी निवारणका लागि लक्षित हुनुपर्नेमा दुईमत हुन सक्दैन । गरिबलाई गरिबीबाट मुक्त गर्छु भनेर सरकारले आश्वासन दिने तर, व्यवहारमा गरिबी घटेन भने जनतामाथि ठूलो धोका हुनेछ । सरकार वार्षिक ८ लाख नेपालीलाई निरपेक्ष गरिबीको रेखाबाट माथि ल्याउँछु भन्छ । तर, कसरी ? सरकारको आर्थिक वृद्धिदरमै समस्या छ, यो आधारहीन छ । त्यसबाट गरिब जनताले लाभ लिन पाउने कुरै भएन, आम नेपालीको आम्दानी बढ्ने भएन । महँगी अकाशिँदो छ, जीवन अझ कष्टकर बन्दैछ । अनि कसरी गरिबी निवारण हुन्छ ?

### ■ चुलिँदो व्यापार घाटाप्रति उदासिन

निर्यात दोब्बर गर्ने, आयात २० प्रतिशतले घटाउने र पाँच वर्षमा व्यापार सन्तुलन कायम गर्ने घोषणा बजेटले गरेको छ । हालको निर्यातको बेसलाइन के हो, कति छ ? के वस्तु वा सेवाहरुको उत्पादन यो अवधिमा कसरी, कति हुनसक्छ ? सरकारी, निजी र सहकारी क्षेत्रको भूमिका कस्तो हुन्छ ? कुन गन्तव्यमा हामीले निर्यात गर्न सक्छौं ? हाम्रा वस्तु वा सेवाहरुको माग छिमेकी, क्षेत्रीय तथा विश्व बजारमा कहाँ छ ? त्यसको विश्वसनीय आधार के-के हुन् ? सरकारले कुनै यथार्थ मार्गचित्र प्रस्तुत गर्न सकेको छैन । आयात घटाउने भनिएको छ, त्यो पनि उपभोगको आयात घटाउने वा पूँजीगत आयात घटाउने हो, बजेट स्पष्ट छैन । पूँजीगत आयात घटेमा देश थप आर्थिक संकटमा जान्छ, विकास निर्माण प्रभावित हुन्छ । व्यापार सन्तुलन आफैमा वाञ्छनीय तर प्राप्त गर्न अत्यन्त दुरुह आयाम हो । यसका लागि सही र संगतिपूर्ण आर्थिक नीति, मजबुत, व्यापक दायरा र तीब्र गति भएको उत्पादन प्रणाली तथा संयमित आयात प्रवृत्ति अपरिहार्य हुन्छ । तर, सरकार त्यसका लागि आवश्यक पूर्वशर्तहरु पूरा गर्न पूर्णतः उदासीन छ ।

### ■ उद्देश्य र प्राथमिकता अस्पष्ट

यो बजेटले नेपाललाई कृषिमा आत्मनिर्भर बनाउने हाम्रो राष्ट्रिय संकल्पलाई त्यागेको छ । केवल मसिनो स्वरमा आधारभूत कृषि उत्पादन

*यो बजेट आगामी ५ महिनाका लागि दैनिक प्रशासनिक खर्च, चालु आयोजनाको निरन्तरता र प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा आवश्यक पर्ने खर्चका लागि स्रोत व्यवस्थापन र बिनियोजनमा केन्द्रित हुनु पर्दथ्यो । संकटपूर्ण बन्दै गएको अर्थतन्त्रलाई ठीक बाटोमा फर्काउन तत्काल चाल्नुपर्ने कदममा केन्द्रित हुनु पर्दथ्यो । तर, विडम्बना अर्थतन्त्रका चुनौतीहरूलाई बेवास्ता गरिएको छ र सस्तो लोकप्रियताका लागि अनुकूल ठानिएका र विनातयारीका दीर्घकालीन प्रकृतिका कार्यक्रमहरूको चाङ्ग लगाइएको छ ।*

धान, मकै, गहुँ, तरकारी र फलफूलको आयातमा ३० प्रतिशतले कम गर्ने बजेटको प्रस्ताव छ । बजेटले एकातिर कृषि क्षेत्रमा ठूलो लगानी र प्राथमिकताको कुरा गरेको छ भने अर्कोतिर कृषि क्षेत्रका अन्य उत्पादनहरुको आयात कम गर्ने कुनै नीति अघि सार्न सरकार डराएको छ । एकातर्फ स्वास्थ्य र शिक्षा क्षेत्रमा गुणात्मक सुधार गरी मानव विकास सूचकाङ्कमा सुधार ल्याउने अर्थमन्त्रीको दाबी रहेको छ भने अर्कोतर्फ बजेटका प्राथमिकता र उद्देश्यहरु हेर्दा शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र कल्याणका क्षेत्र न उद्देश्यमा समेटिएको छन् न त प्राथमिकतामा नै परेका छन् । व्यापार सन्तुलन कायम गर्ने घोषणा गर्ने सरकारको बजेटको प्राथमिकतामा निर्यात प्रवर्द्धनले स्थान पाउन नसक्नु अर्को आश्चर्यको विषय रहेको छ ।

उदीयमान दुबै छिमेकी विशाल अर्थतन्त्र, आर्थिक विकासको क्षेत्रीय र विश्वव्यापी प्रवृत्ति र नेपालको राष्ट्रिय आवश्यकताप्रति यो बजेट पूर्णतः उदासिन छ । कृषि, उद्योगलगायतका क्षेत्रहरुमा छरपस्ट अनुदान, छूट, सुविधा, सहुलियत र सहयोगका आश्वासनहरु छन् । कुन लक्षित वर्गलाई केका लागि कसरी दिने र अर्थतन्त्रमा के योगदान पुग्छ, त्यसका लागि स्रोत विनियोजन कति आवश्यक छ, त्यो स्रोत कहाँबाट कसरी जुटाउने कुनै यथार्थपरक अनुमान छैन, केवल घोषणामा मात्र केन्द्रित छ, बजेट । यसबाट बजेट प्रणाली र हाम्रो अर्थतन्त्रको क्रेडिबिलिटीमा ह्रास आउने निश्चित छ ।

यो बजेट सुख्खा जमिनमा घस्रिन खोजेको चिप्लेकीरा जस्तो छ । यो बजेटले तीब्र गतिमा अत्याधुनिक विकास गरेर समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा साकार पार्ने राष्ट्रिय कार्यभार बहन गर्न सक्दैन, । यो गठबन्धन सरकार समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा कार्यान्वयन त परै जाओस् उच्चारण गर्नसम्म संकोच मानिरहेको छ । नेपालको समृद्धि र नेपालीको सुख भन्दा महत्वको अर्को विषय बजेटको लागि हुन सक्छ र ? सरकार यो राष्ट्रिय संकल्पबाट किन टाढिदै छ ? नेपाली जनताबाट त्यसको मूल्यांकन हुनेनै छ ।

### ■ आम्दानी र खर्चका स्रोतहरु अस्पष्ट

बजेटमा समग्र र यथार्थ वित्त क्षमताभन्दा खर्च बढी प्रस्ताव गरिएको छ । प्रस्ताव गरिएबमोजिमका लगानीका स्रोतहरु जुट्ने विश्वासिलो आधार छैन । विकास बजेटको करिब ५० प्रतिशत वैदेशिक स्रोतबाट प्रस्तावित छ । यसमा वैदेशिक अनुदान परिचालनको मात्र, चालू आर्थिक वर्षको वार्षिक अनुमानको कुरा नै छाडौं, माननीय अर्थमन्त्रीले आफैले गर्नुभएको संशोधित अनुमान रु. २५ अर्बको यो हप्तासम्मको आँकडा हेर्दा करिव रु. १४ अर्ब मात्र परिचालन भएको देखिन्छ । यो करिव ५६ प्रतिशत मात्रै हुन्छ । त्यसर्थ, आगामी आर्थिक वर्षमा विकास खर्चको वार्षिक अनुमान अनुरुप परिचालन हुन सक्छ भनेर विश्वास गर्न सकिन्न ।

कर राजश्वतर्फ चालू आर्थिक वर्षको संशोधित अनुमानमा आगामी आर्थिक वर्षमा करिव २९ प्रतिशत राजश्व परिचालन गर्ने प्रस्ताव छ । कोभिड १९ ले तहसनहस भएको र चालू आर्थिक वर्षमा थप संकटापन्न देखिएको निजी क्षेत्रसँग ठूलो मात्रामा थप राजश्व उठाउने प्रस्तावले निजीक्षेत्रले उत्साह गुमाउने छ । यो आँकलनका आधारमा खर्चका लागि आवश्यक पर्ने स्रोत जुट्न सक्ने देखिँदैन ।

समग्र आयकरमा ३७ प्रतिशत र निकाय/कम्पनीले तिर्ने आयकरमा ४६.४ प्रतिशतले वृद्धि गरिएको छ । यो लक्ष पुराहुने संभावना छैन । यसले करदातालाई आतंकित मात्र तुल्याउने छ । चालु आर्थिक वर्षको वैशाख महिनासम्ममा आन्तरिक मूल्य अभिवृद्धि करमा ५ प्रतिशतले नकारात्मक वृद्धि भएको छ । यस्तो अवस्थामा आगामी वर्षका लागि प्रस्ताव गरिएको २१.६७ प्रतिशत वृद्धिको लक्ष्य पनि पुरा हुन सक्दैन । अन्तशुल्क तर्फ पैठारीबाट संकलन हुने राजश्वमा २८.२९ प्रतिशत वृद्धिको लक्ष्य राखिएको छ । अन्तशुल्क लाग्ने वस्तुहरुको आयातमा कडाई गरिएको अहिलेको अवस्थामा यो लक्ष्य पुरा हुने आधार देखिँदैन । आयात न्यूनतम २० प्रतिशतले घटाउने तर भन्सार महशुल भने ३४.६२ प्रतिशले वृद्धि प्रस्ताव पनि विरोधाभाषपूर्ण छ ।

### ■ डेलिभरी दिन नसक्ने बजेट

यो बजेटमा न त पर्याप्त स्रोतको विश्वसनीय व्यवस्था छ, न कार्यान्वयनलाई प्राथमिकतामा नै राखिएको छ, न समय निर्धारण गरेर तोकिएको समयमा आयोजना, कार्यक्रम सम्पन्न गर्ने र लक्षित परिणाम प्राप्त गरिछाड्ने प्रतिवद्धता नै छ । यी कुनै विषय बजेटको उद्देश्य र प्राथमिकतामा छैनन् । जवकि यी विषयहरु नेपाली अर्थतन्त्रका मूल समस्या हुन्, विकास व्यवस्थापनका जटिल समस्या हुन् । यो बजेटले न यी समस्याहरु, जटिलताहरु पहिचान गरेको छ, न समाधान नै प्रस्तुत गरेको छ । तसर्थ, यो निबन्धरूपी बजेटले कुनै डेलिभरी दिनसक्ने विश्वास गर्न सकिँदैन, ।

### ■ गलत विनियोजन

बजेट निर्माणको सिद्धान्तलाई वेवास्ता गरेर आवश्यकता, परिणामको विश्वसनीय आधार र अध्ययन बिना पूँजीगत खर्च विनियोजन गरिएको छ । जस्तो, गत वर्षको अनुपातमा चालु खर्च बढेको छ, पुँजीगत खर्च घटेको छ । गत वर्ष पुँजीगत खर्च २२.७१ प्रतिशत थियो । अहिले बजेटको आकार १ खर्ब ४६ अर्बले बढ्दा पनि पुँजीगत खर्चका लागि गरिएको विनियोजन २१.२ प्रतिशत मात्र छ । अर्थतन्त्र संकटपूर्ण बन्दै गएको बेलामा पनि पुँजीगत खर्च घटाएर चालु खर्च बढाउने यो सरकारलाई के भन्ने ? लगानी घटाउने तर आर्थिक वृद्धि लगायत समग्र अर्थतन्त्रमा चमत्कारको दावी गर्नेलाई के भन्ने ? अर्थतन्त्रका चुनौतीलाई वेवास्ता गरेर विना आधारका काल्पनिक कार्यक्रम अघि सारिएको छ । अगामी वर्ष खाद्यान्न, तरकारी र फलफूलको आयात ३० प्रतिशत कम गर्ने, निर्यात दोब्बर गर्ने, आयात २० प्रतिशतले घटाउने, बार्षिक ३० प्रतिशतका दरले रोजगारी वृद्धि गर्ने, ३ वर्षभित्र भूमिहिन दलितलाई आवास उपलब्ध गराउने, बार्षिक ८ लाख नेपालीलाई निरपेक्ष गरिविको रोखाबाट माथी उठाउने, मानव विकास सुचकाङकलाई ०.६५० पुऱ्याउने आदि त्यस्तै आधारहिन र काल्पनिक कार्यक्रमहरु हुन् । यी कार्यक्रमको कार्यान्वयन कस्तो होला भन्नेकुरा यही सरकारको ९/१० महिना हेर्दा थाहा हुन्छ ।

बजेटमार्फत संकटको डिलमा पुगेको बेलामा अर्थतन्त्रलाई सामान्य अवस्थामा फर्काउन ध्यान केन्द्रीत गर्नुको साटो पाँच महिने चुनावी सरकारले, कोशी र कर्णाली नदीलाई जोड्ने, निजीक्षेत्रको लागानीमा २ घण्टामा पुग्नेगरी चतराबाट-सगरमाथा र मिर्चैया-लुक्ला-सगरमाथा द्रुतमार्ग निर्माण गर्ने, काठमाडौंबाट चितवनसम्म एकघण्टामा पुग्ने द्रुतमार्ग निर्माण गर्ने, वास्तविक किसानको लगत र लागतको पूर्वानुमान बिना किसान पेन्सन लागु गर्ने, गत वर्षको तुलनामा खानेपानी मन्त्रालयको बजेट १७ प्रतिशतले कटौती गरेर एकघर एकधारा कार्यक्रम कार्यान्वयन गर्ने जस्ता कार्यक्रम र योजनाहरु अघि सारेको छ ।

कृषि कर्जा उपलब्ध गराउन ५ खर्ब बराबरको लघुवित्त कोष भनिएको छ तर त्यसको स्रोत सुनिश्ति गरिएको छैन । पाँच खर्ब कहाँबाट ल्याउने ? अरु सबै कोष रित्याएर यता सार्ने हो कि ? साना पूर्वाधार आयोजना प्रदेश र स्थानीय तहमा पठाउने घोषणाको अन्तर्य अर्कै छ । साना योजना केन्द्रले छनोट गरेर ती योजनासहित सिमित मात्राको सशर्त अनुदान प्रदेश र स्थानीय तहमा पठाइदै छ । यसबाट आफ्नो योजना आफैले छनोट गर्ने प्रदेश र स्थानीय तहको अधिकार कटौती गरेको छ । यो संघीयता विरोधी कदम हो । केन्द्रबाट लादिएका त्यस्ता कार्यक्रम कार्यान्वयन हुन पनि सक्दैनन् । उत्पादन वृद्धि र आयात प्रतिस्थापनको नारा छ तर, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको बजेट गत वर्षको तुलनामा घटेको छ ।

संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा सञ्चालन गर्ने भनिएको आत्मनिर्भताको लागि कृषि उत्पादन नामक कार्यक्रमको मोडालिटी के हो ? स्रोत के हो ? कस्ले र कसरी कार्यान्वयन गर्ने छ ? प्रतिफल के हुनेछ ? स्पष्ट छैन । यो केवल प्रधानमन्त्री कृषि आधुनिकरण कार्यक्रमलाई क्रमशः विस्थापित गर्ने मनसायले आएको छ । प्रधानमन्त्री कृषि आधुनिकरण कार्यक्रमलाई डाउन साइज गरिएको छ (५ अर्व ९० करोड) र कृषि नामको (१० अर्ब) कार्यक्रममा ठूलो अंकको बजेट लोड गरिएको छ ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत ३ वर्षभित्र देशभरीका सार्वजनिक विद्यालय तथा क्याम्पसहरुको पूर्वाधार निर्माण सम्पन्न गर्ने चालु योजनालाई अवमूल्यन गरिएको छ, कटौती गरिएको छ । नेपाल आफैले निर्माण गर्न बजेटको अभाव हुँदैन भनिएको बुढी गण्डकी आयोजनाका लागि कति बजेट विनियोजन गरिएको छ ? बजेट वक्तव्यमा किन उल्लेख गरिएन ? दुनियाले खाद्य सुरक्षाका लागि आवश्यक कदम चालिसके । भारतले गहुँ, चिनि, चामलको निर्यात रोक्यो । तर सरकारलाई संभावित खाद्य संकटप्रति कुनै चासो छैन, बजेट यस विषयमा मौन छ । इन्डक्सन चुलोका लागि पूर्वाधार तयार छैन । पूर्वाधार तयार नगर्ने तर, इन्डक्सन चुलो सित्तैमा वितरण गर्ने नीतिको अर्थ के हो ?

किसान पेन्सनको स्रोत के हो ? विना अध्ययन, लागत अनुमान, स्रोतको व्यवस्था, प्रतिफलको प्रक्षेपण, कार्यान्वयन ढाँचा आदि विषयलाई वेवास्ता गरेर अघि सारिएको किसान पेन्सन प्रचारका लागि मात्र हो ? बजेटमा अनेक प्रकारका अनुदानका कार्यक्रमहरु अघि सारिएको छ तर, अनुदान कसलाई दिने ? किन दिने ? के प्रतिफल आउँछ भन्ने आधारमा दिने स्पष्ट छैन । अनुदान सम्बन्धी कैयौं प्रस्तावहरु निर्णयकर्ताको तजविजमा भरपर्ने अवस्था छ । यसबाट संसदको अधिकार समेत अतिक्रमित भएको छ ।

### ■ असंगत कर प्रस्ताव

बजेटमा प्रस्तुत गरिएको कर संशोधन प्रस्ताव आधारहिन, असंगत र प्रत्यूपादक छ । उदाहरणका लागि, विद्युतीय सवारी साधनमा अन्तशुल्क लगाइएको छ र भन्सार बढाइएको छ । नेगेटिभ लिस्टका सामाग्री लाग्नुपर्ने अन्तशुल्क विद्युतीय सवारी साधनमा पनि लगाउनुको कारण के हो ? अब पनि विद्युतीय सवारी साधनलाई महँगो बनाएर डिजेल पेट्रोलकै सवारी साधनलाई प्रोत्साहित गर्ने हो ? जतिसुकै महँगो होस्, पेट्रोलियम पदार्थमाथिको निर्भरता बढाउँदै लाने हो ?व्यक्तिको घर र जग्गाको बिक्रीमा लाग्ने पुँजीगत लाभकरको दर २.५ प्रतिशतबाट ५ प्रतिशत र ५ प्रतिशतबाट ७.५ प्रतिशत हुने गरी वृद्धि गरिएको छ । सत प्रतिशतसम्म पुँजीगत लाभकर बढाउँदा कमजोर आर्थिक हैसियतका नागरिकको जीवनमा के प्रभाव पर्ला भन्ने कुराको अध्ययन भएको छ कि छैन ? सहकारी संस्थाहरुलाई लाग्ने आयकर नगर, उपमहारनगर र महानगरपालिकामा क्रमशः ५, ७ र १० प्रतिशत भएकोमा ७.५, १० र १५ प्रतिशत पुऱ्याइएको छ । गरिवी निवारण र रोजगारी सिर्जना गर्नमा योगदान गर्ने सहकारीहरुलाई प्रोत्साहन गर्नुपर्नेमा करको भार थपिएको छ ।

*(पूर्वअर्थमन्त्रीसमेत रहेका नेकपा (एमाले)का उपमहासचिव पौडेलले सरकारले प्रस्तुत गरेको बजेटबारे संसदमा दिएको वक्तव्यको संक्षिप्त सम्पादित अंश ।)*

# समावेशी ढंगको पाठ्यसामग्री आवश्यक



**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ जेठ

सरकारले पाठ्यपुस्तकमा समावेशी मूल्यांकन ढाँचा निर्माणको तयारी गरेको छ । अपाङ्गता भएका बालबालिकाका लागि उचित पाठ्यसामग्री नभएको गुनासो बढी रहँदा पाठ्यपुस्तकमा समावेशी मूल्यांकन ढाँचा निर्माणमा सरकार जुटेको हो । उक्त कार्यका लागि अहिले विभिन्न संघसंस्थासँग राय सुझाव लिइएको छ ।

यसैबीच अपांगता अधिकार र विकासका लागि क्रियाशिल नेपाल र विश्व शिक्षा एवं पाठ्यक्रम विकास केन्द्रको सहकार्यमा काठमाडौंमा समावेशी मूल्यांकन ढाँचाका विषयमा राय सुझाव कार्यशाला गोष्ठी सम्पन्न भएको छ ।

'पहुँचयुक्त पुस्तक वाचन सामग्रीको उपयुक्त पहिचान र अपांगता भएका बालबालिकामैत्री मूल्यांकन प्रणाली तर्जुमा एवं सिकाइको समावेशी ढाँचा' विषयक कार्यशाला गोष्ठी काठमाडौंमा सम्पन्न भएको हो ।

सो अवसरमा सहभागीहरुले पाठ्यक्रममा समावेशी ढाँचाको प्रयोग नहुँदा समस्या भएको बताएका थिए ।

कार्यक्रममा एबिलिस फाउण्डेशनका नेपाल संयोजक डा.बीरेन्द्र राज पोखरेले पाठ्यपुस्तक समावेशी मूल्यांकन ढाँचामा दृष्टिविहिन, बहिरा, बौद्धिक अपांगता भएका व्यक्तिहरुका लागि उपयुक्त हुने खालको बनाइनुपर्ने बताए । आवश्यकताका आधारमा निरन्तर मूल्यांकन गर्नुपर्ने उनको भनाइ थियो । 'समावेशी मूल्यांकन ढाँचामा अपांगताको विभिन्न प्रकृति हुन्छ । दृष्टिविहिन, बहिरा, बौद्धिक अपांगता यी सबैलाई उनीहरुको आवश्यकताको आधारमा निरन्तर मूल्यांकनहरु गर्नुपर्ने हुन्छ' उनले भने, सिकाइको सहि मूल्यांकन भएन भने बच्चाहरुले कति सिके थाहा हुँदैन । त्यसैले उपयुक्त मूल्यांकन ढाँचाको आवश्यकता देखिन्छ ।'

विश्वशिक्षा कार्यक्रम अन्तर्गत सिकाइको समावेशी ढाँचाको योजना बनाउँदा अपांगता भएका बालबालिकको क्षमता, आवश्यकताका आधारमा बनाउनुपर्ने उनको भनाइ छ ।

'एउटै विद्यालयको एउटै कक्षा कोठामा सबै अपांगता भएका बालबालिकाहरु सँगै पढ्छन् भने उनीहरुलाई कसरी सम्बोधन गर्न सकिन्छ । शैक्षिक पद्धति, शैक्षिक सामग्रीहरु, नविनतम प्रविधिको प्रयोग, सूचना प्रविधिमा पहुँच लगायतका उपयुक्त ढाँचाहरु यसमा समावेश गर्नुपर्ने देखिन्छ' उनले भने ।' समावेशी तरिकाले दिने शिक्षामा जुन बालबालिकालाई जस्तो प्रकारको शिक्षा आवश्यक पर्दछ । सोही अनुसारको प्रविधिको प्रयोग गरेर पाठ्क्रमको निर्माण गर्नुपर्ने उनको भनाइ छ ।

राष्ट्रिय अपांग महासंघ नेपालका अध्यक्ष मित्रलाल शर्माले अपांगतका भएका बालबालिकाको लागि सिकाइमैत्री पाठ्यक्रम आवश्यक पर्नेमा जोड दिए ।

पाठ्यक्रम निश्चित सिद्धान्त, दर्शनमा लक्षित हुनुपर्ने उनको भनाइ छ ।

उनले भने, 'पाठ्यक्रम मूल्यांकन प्रणालीमा समावेशी हुनुपर्ने देखिन्छ । समय–समयमा पाठ्यपुस्तक रिभ्यु पनि गर्नुपर्यो ।'

पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक अणप्रसाद न्यौपानेले सबै बालबालिकाका लागि सरकारले व्यवस्थित र समावेशी शिक्षा आत्मसात गरेको बताए ।

सरकारले समावेशी मूल्यांकन ढाँचा उपयुक्त र बालबालिकाको लागि प्रभावकारी हुने खालको निर्माण गर्न लागेको बताए ।

'सरकारले सबै बालबालिकाका लागि कसरी मूल्यांकन गर्न सकिन्छ ?, उनीहरुलाई पनि अन्य बालबालिका सरह सीप, व्यवहार सिक्ने खालको बनाउन सकिन्छ भन्ने विषयमा ध्यान केन्द्रित गरेको छ ।' उनले प्रभावकारी सिकाईलाई निरन्तर सहयोग, दिगो र स्थायी बनाउने खालको सुझावको अपेक्षा समेत गरे । सिडिसी पुरुषोत्तम घिमिरे, विश्वशिक्षाका पदम महर लगायतले आफ्नो प्रस्तुती राखेका थिए ।


**एन आई सी एशिया बैंक लिमिटेड**
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
सिनामंगल शाखा, काठमाडौं महानगरपालिका, काठमाडौं
सम्पर्क फोन: +९७७-०१-४११६६८४

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री टेक बहादुर राना क्षेत्रीको नाति, कृष्ण बहादुर राना क्षेत्रीको छोरा, बागमती प्रदेश काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ९ बस्ने ६९ वर्षको श्री प्रधुम्न राना क्षेत्रीको मिति २०७९/०१/२७ (ई.सं. १०/०५/२०२२) मा मृत्यु भएकोले स्व. प्रधुम्न राना क्षेत्रीकी पत्नी हाल काठमाडौं - ९ बस्ने श्रीमती अम्बीका रानाभाटले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको सिनामंगल शाखा, काठमाडौं महानगर पालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम

रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

CELEBRATING 24 Years of friendship for transforming lives | ISO 9001 Certified Bank | CareEdge CARE-NP A-(Is)
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि



**एन आई सी एशिया बैंक लिमिटेड**
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
न्यूरोड शाखा, काठमाडौं महानगरपालिका, न्यूरोड
सम्पर्क फोन:+९७७-०१-४२२२४११

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री कर्ण बहादुर महतकी नातिनी, दिल बहादुर महतकी छोरी, बागमती प्रदेश काठमाडौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३ हाल काठमाण्डौं - ३ बस्ने ६४ वर्षकी श्रीमती गीता महत गुरुङ्को मिति २०७८/०२/१२ (ई.सं. २६/०५/२०२१) मा मृत्यु भएकोले स्व. गिता महत गुरुङ्को छोरा हाल काठमाण्डौं - ३ बस्ने श्री विक्रान्त गुरुङ्ले मृतककी एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानीपाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको न्यूरोड शाखा, काठमाडौं महानगरपालिकामा दाबी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमावा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

CELEBRATING 24 Years of friendship for transforming lives | ISO 9001 Certified Bank | CareEdge CARE-NP A-(Is)
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि



**ZERO COST RECRUITMENT Opportunity for Malaysia!!**
**शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!Free Food | Transportation | Accommodation from Hometown to Airport!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित ! घर देखि एयरपोर्ट सम्म नि:शुल्क खाना । यातायात । आवास !

SK★P
SKP Resources Berhad (SKP) is a leader in plastics contract manufacturing with over 40 years of manufacturing experience in the electrical and electronics plastics industry. Starting out as Sin Kwang Plastics, we established our roots in Johor Bahru in 1974 with only two injection moulding machines. Our growth since has been phenomenal with Sin Kwang Plastics conceiving and producing a plethora of general plastic products that have become household mainstays.

**रोजगारदाता कम्पनी: स्यारिकात सिन क्वाङ प्लास्तिक इन्डस्ट्रिज एसडीएन. बिएचडी.**
**Employer Company : SYARIKAT SIN KWANG PLASTIC IND SDN. BHD.**

| पूर्व स्वीकृत मितिः २०२२/०५/३१ | चलानी नं: ६०१८००५९ | एल टि नं : २६४००४ |
|---|---|---|
| Pre Approval Date: 2022/05/31 | Invoice No.: 60180095 | LT No.: 264004 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's: पुरुष Male | महिला Female | मासिक तलब Monthly Salary: रिङ्गिट MYR | ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | औद्योगिक कामदार Factory Worker | २७१ 271 | 0 0 | १५०० 1500 | ४२,५२५ 42,525 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

नोट: आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants. are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ने.रु. ५,०००/– रोजगारदाताले ब्यहोर्ने NPR 5000/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।– उमेर ३६ देखि ५०: ने.रु.४९३१।– उमेर ५१ देखि ६४: ने.रु.९४६३।– By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७००।– रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।– रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

प्रि–अन्तर्वार्ता आईएमआर अफिस ग्वार्को, ललितपुरमा धमाधम भईरहेको छ । साथै, ग्रमीण वैदशिक रोजगार भर्ति अभियानको प्रि–अन्तर्वाता होटल राइनो, बगरबता, डडेल्धुरामा जेठ १९ गते, बिहिबारको दिन हुँदैछ ।
Pre Interview being conducted at the IMR Office, Gwarko, Lalitpur in full swing. And Pre Interview for Village Recruitment Campaign is being held at Hotel Raino, Bagarbata, Dadeldhura, Nepal on 2 June 2022 i.e. on Thursday.

फाइनल अन्तर्वार्ता आईएमआर अफिस ग्वार्को, ललितपुरमा मिति जेठ २५ गते बुधबार हुनेछ ।
Final Interview will be held at IMR Office, Gwarko, Lalitpur on 8 June 2022, Wednesday.

ईन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट (आईएमआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट आईएमआरले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने।
International Manpower Recruitment P. Ltd (IMR) does not have any branch or mediator representative. IMR is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

अन्तर्वार्ता कोभिड–१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।
IInterview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

**अबैध भर्तीकर्ताहरुदेखि साबधान रहनुहोस् /Beware of Illegal Recruiters**
कृपया धोखाधडी, अबैध क्रियाकलाप वा भ्रष्टाचार बिरुद्ध एस.के.पि.को स्वतन्त्र तेस्रो पार्टी हटलाइन हटलाइन नं +९७७ ९८०७१९९३२० मा वा ईमेल grievancemdc@gmail.com मा रिपोर्ट गर्न नहिचकिचाउनुहोस् । हामी तपाईको गोप्नीयता सुनिश्चित राख्नेछौँ ।
Feel free to report against fraud, illegal activities or corruption in SKP's Independent Third-Party Hotline +9779807199320 or email at grievancemdc@gmail.com . We shall maintain your confidentiality.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**International Manpower Recruitment (P) Ltd.**
License No. 309/059/060
Gwarko 7, Lalitpur, Nepal, Tel.: 01-5204346, 5204347, 5204348
Mobile No.: +977 9801031586, 9818979632, 9801045628, 9802325733



**कतारमा रोजगार** | १. कम्पनी: GULF WAREHOUSING COMPANY
शहर: QATAR
पूर्व स्वीकृत मिति: २०७८/०८/१७ चलानी नं.: ६०१६९५०६ LT. No.: 252511 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1750 | ५९,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 26 | 0 | | 1000 | ३३,८२० | | | | | | | |

२. कम्पनी: MANFORCE TRADING & CONTRACTING CO WLL शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/०२/१७ चलानी नं.: ६०१८०११३ LT. No.: 263880

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 6 | 0 | सम्बन्धित काममा दक्ष | 3600 | १,२१,७५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver Light | 18 | 0 | | 1600 | ५४,११२ | | | | | | | |
| 3. | Elevat Lift Worker | 8 | 0 | | 1100 | ३७,२०२ | | | | | | | |
| 4. | Gen Clean Worker | 7 | 0 | | 1100 | ३७,२०२ | | | | | | | |
| 5. | Helper | 50 | 0 | | 1100 | ३७,२०२ | | | | | | | |
| 6. | Oa/hr | 5 | 3 | | 2500 | ८४,५५० | | | | | | | |
| 7. | Receptionist | 0 | 5 | | 1600 | ५४,११२ | | | | | | | |
| 8. | Secretary | 4 | 0 | | 2500 | ८४,५५० | | | | | | | |
| 9. | Specialist Recruitment | 0 | 3 | | 2500 | ८४,५५० | | | | | | | |
| 10. | Weld Technician | 10 | 0 | | 1100 | ३७,२०२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७९ जेठ २५ गते (8 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**डायना ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ४०८/०६०/०६१
बाल कुमारी, ललितपुर, नेपाल
फोन नं: ०१-५१८६३८४/५१८६३८५/५१८६४२९/५१८६३२८



**साउदीमा रोजगार** | कम्पनी: Khaled Saleh Al Hussein Contracting Est
शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०८/२३ चलानी नं.: ६०१६९९५१ LT. No.: 253305 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**बहराइनमा रोजगार** | कम्पनी: CIRCLE INTEGRATED SERVICES
शहर: MANAMA
पूर्व स्वीकृत मिति: २०७८/०८/२८ चलानी नं.: ६०१७०४१३ LT. No.: 253716 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब: BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 32 | 10 | स. काममा दक्ष | 100 | ३२,८३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वाता मेनपावर कार्यालय, सामाखुसी, काठमाडौमा २०७९ जेष्ठ २५ गते (8 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु स"ग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.**
FUTURE STAR MANPOWER PVT. LTD.
श्रम इजाजत नं.: ३९७/०६०/०६१
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोन: ४३६०५७६, ४३५०७१९
Email: futurestarmp397@gmail.com



**साउदीमा वैदेशिक रोजगारको अवसर**
कम्पनी : Ahmed Saleh Mohammed Al-Ghamdi Foundation for serving meals
पुर्व स्वीकृत मिति: २०७८/१२/०४ चलानी नं.: ६०१७६०८९ LT.No.:259543 शहर : RIYADH पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २५ गते (8 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम ई. पत्र नं. १२३५/०७४/७५
**AASHIN OVERSEAS PVT. LTD.**
Sinamangal-9, Airport, Kathmandu, Tel.: 01-5902036, 5902037, 9851011127



**OMAN मा वैदेशिक रोजगारको अवसर** | कम्पनी : PIROOZI INTERNATIONAL LLC
शहर: BARAKAT
पूर्व स्वीकृत मिति: २०७९/०२/१७ चलानी नं.: ६०१८००७८ LT. No.: 264023

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब: OR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrical And Electronic Toys Operator | 0 | 2 | स. काममा दक्ष | 160 | ५१,६७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २५ गते (8 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Aslesha International Pvt. Ltd.**
श्रम इजाजत नं. १४०२/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608, Mob: 9818330451,9815926684, 9808156040 | Email: aslesha.intl@gmail.com, aslesha.international@gmail.com



**मलेसियामा रोजगार** | १. कम्पनी : SAMUDRA PACKAGING INDUSTRIES SDN. BHD.
शहर : MELAKA
पूर्व स्वीकृत मिति: २०७९/०२/१७ चलानी नं.: ६०१८००६८ LT. No.: 263997

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : INX MANUFACTURING SDN BHD शहर : JOHOR
पूर्व स्वीकृत मिति: २०७९/०२/१७ चलानी नं.: ६०१८००६७ LT. No.: 263996

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी : SANG-A FRONTEC (M) SDN.BHD. शहर :SEMBILAN
पूर्व स्वीकृत मिति: २०७९/०२/१७ चलानी नं.: ६०१८००६६ LT. No.: 264010

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनी : KOON SENG SDN BHD शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०७६/११/०७ चलानी नं.: ६०१५२०४३ LT. No.: 233196 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 9 | 0 | स. काममा दक्ष | 1200 | ३४,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

५. कम्पनी : YE HIN ENTERPRISE SDN. BHD. शहर : MELAKA
पूर्व स्वीकृत मिति: २०७६/१०/२९ चलानी नं.: ६०१५१६२५ LT. No.: 232571 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 4 | 0 | स. काममा दक्ष | 1200 | ३४,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २५ गते (8 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

[illegible]

**पाल्ही ओभरसिज प्रा. लि.**
PALHI OVERSEAS PVT. LTD. NEPAL
श्रम इजाजत नं. ५९४/०६२/०६३
जि.पि.ओ. बक्स: ९७८०, लोसाल अन्नपूर्णमार्ग,चप्पलकारखाना, काठमाडौं, फोन: ०१-४०१५७९२, ४०१५६५५
E-mail: info@palhioverseas.com | Website: www.palhioverseas.com



**मलेसियामा रोजगार** | कम्पनी : LEADER RANGE TECHNOLOGY SDN BHD
शहर:Malaysia,BAYAN LEPAS
पूर्व स्वीकृत मिति: २०७९/०२/१६ चलानी नं.: ६०१८००७७२ LT. No.:263827

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २५ गते (8 June 2022) मा हुनेछ ।

११. प्रस्तावित जनशक्तिको शैक्षिक योग्यता एवं उद्योगसंग सम्बन्धित कुनै तालिम वा अनुभव लिएको भएमा सोको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

# सात दिनभित्र ढलान पुनः शुरु गर्न पत्राचार



**खोटाङ/मस**-दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारको अलपत्र सडक ढलान पुनः सुरु गर्न सघन सहरी तथा भवन निर्माण आयोजना ओखलढुङ्गा र निर्माण कम्पनीलाई पत्राचार गरेको छ। निर्माण कम्पनी सूर्य कन्ट्रक्सन विकास निर्माण सेवा जेभीले दिक्तेल बजारको सडक ढलानको जिम्मा लिएर निर्माणाधीन अवस्थामै अलपत्र छाडेकाले सात दिनभित्र पुनः सुरु नगरे कानुनी कारबाही गर्ने चेतावनी दिँदै नगरपालिकाले सघन सहरी तथा भवन निर्माण आयोजना र निर्माण कम्पनीलाई पत्राचार गरेको हो।

लामो समयदेखि सडक ढलान कार्य रोकिँदा यातायातका साधन अवरुद्ध हुनुका साथै पैदलयात्रुलाई समेत आवतजावतमा समस्या भएकाले लिखितरूपमा आग्रह गरिएको नगरप्रमुख तीर्थराज भट्टराईले जानकारी बताए।

दिक्तेल बजारस्थित मानवअधिकार चोकबाट त्रिवेणी चोकसम्मको सडक ढलान रु तीन करोड ९३ लाख ४४ हजारमा ठेक्का आह्वान गरिए पनि निर्माण कम्पनीले करिब ४२ प्रतिशत कम रकम रु दुई करोड ७० लाख ४० हजार १७९ मा ठेक्का पारेको थियो। साँघुरो सडक तथा पुरानो भौतिक संरचना रहेको दिक्तेल बजारको सडक विसं २०७८ मङ्सिर १० गते ढलानको सम्पूर्ण काम सम्पन्न गरेर हस्तान्तरण गर्ने गरी २०७८ असार ९ गते सघन सहरी तथा भवन निर्माण आयोजना ओखलढुङ्गा र निर्माण कम्पनीबीच सम्झौता भएको थियो।

दैनिक हजारौँको संख्यामा मानिसको आवतजावत हुने दिक्तेल बजारको सरस्वती माध्यमिक विद्यालयको प्रवेशद्धार अगाडिसम्मको सडक ढलान गरेर अलपत्र छाडिएको उक्त सडकको निर्माण अवधि गत मङ्सिर १० गते नै सकिएको छ। त्यसपछि विश्वभर फैलिएको कोरोना भाइरसको संक्रमणका कारण देखाउँदै चार महिनाको म्याद थपिएको थियो।

यस अवधिमा पनि काम नसकिएपछि फेरि नगरपालिकाका निवर्तमान नगरप्रमुख दीपनारायण रिजालको सिफारिसमा गत चैतसम्म तीन महिना थप गर्दा पनि सडक ढलानको काम अपूरै रहेको छ। निर्माणाधीन अवस्थामै अलपत्र छाडिएको सडक अहिलेसम्म ४५ प्रतिशतमात्र काम सकिएको सघन सहरी तथा भवन निर्माण आयोजना ओखलढुंगाका आयोजना प्रमुख तुलसीराम खर्बुजाले जानकारी दिए।

निर्माण कम्पनीको लापरवाहीले यातायातका साधन तथा पैदलयात्रु आवतजावतमा समेत समस्या देखिएको सडक ढलानका लागि कामको मूल्यांकनको आधारमा रु ९४ लाख ८९ हजार भुक्तानी गरिएको जनाइएको छ। तोकिएको समयमा काम नसकेपछि निर्माण कम्पनीसँग ठेक्का तोडी कालोसूचीमा राख्न दुई महिनाअघि नै प्रक्रिया बढाइएको आयोजना प्रमुख खर्बुजाको जानकारी दिए।

तोकिएको समयमा काम सम्पन्न नगरी अलपत्र छाडेपछि निर्माण कम्पनीको धरौटी जफतका लागि बैंकलाई पत्राचार गरिएको छ। सिरहास्थित सनराइज बैंकलाई धरौटी जफतका लागि पत्राचार गरिएको आयोजना प्रमुख खर्बुजाले जानकारी दिए।

निर्माण कम्पनीले तोकिएको म्याद गुजारेपछि हर्जना भने गत चैतदेखि नै तिर्नुपरेको सघन सहरी तथा भवन निर्माण आयोजनाले जनाएको छ। आगामी असारसम्मको हर्जनावापत करिब रु १३ लाख कटाएर भुक्तानी गरिएको आयोजना प्रमुख खर्बुजाको भनाइ छ।

निर्माण कम्पनीले पेटी ठेकेदारलाई काम जिम्मा दिएकाले यो सडक ढलानमा समस्या आएको निर्माण व्यवसायी संघ खोटाङका वरिष्ठ उपाध्यक्ष कृष्ण घिमिरेले बताउनुभयो। निर्माण कम्पनीले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-४ खाल्लेका रोशन राईलाई नाफा खाएर पेटी ठेक्का दिएको हो।

निर्माण कम्पनीले दिक्तेल बजारको सडक ढलान अलपत्रबारेमा प्रशासनले पनि पटक-पटक ताकेता गरेको खोटाङका प्रमुख जिल्ला अधिकारी फणिन्द्र दाहालले बताए।

'सडक ढलान अलपत्रबारेमा प्रशासनले पनि पटक-पटक ताकेता गरेको छ' उनले भने, 'ठेकेदार मात्र होइन, सम्बन्धित कार्यालय पनि जिम्मेवार हुने भएकाले दुवैलाई प्रशासनिक कारबाही अगाडि बढाउने तयारी गरिएको छ।'

ढलानका लागि बजारको सडक भत्काइएकाले व्यापार व्यवसाय नै चौपट भएको दिक्तेलस्थित व्यवसायी गुणराज सैंजूले बताए। प्रशासनकै अगाडि निर्माण कम्पनीले सडक ढलानको काम बीचैमा अलपत्र छाडेपछि जिल्लामा हुने हरेक कार्यक्रममा निर्माण कम्पनीको आलोचना हुने गरेको छ।

# बजेटले हाम्रा माग सम्बोधन गर्‍योः इपान

काठमाडौं/मस- निजी क्षेत्रका ऊर्जा उत्पादकको संस्था नेपाल (इपान)ले सरकारको आगामी आर्थिक वर्षको बजेटमा व्यवस्था गरिएको ऊर्जा क्षेत्रका प्रावधान सकारात्मक रहेको भन्दै स्वागत गरेको छ।

जलविद्युत् उत्पादन, प्रसारण लाइन विस्तार, उपभोग वृद्धि र ग्रामीण विद्युतीकरणलाई प्राथमिकतामा राखेर आएको बजेटमा ऊर्जा क्षेत्रको विकासका लागि रु ७५ अर्ब १० करोड बराबरको बजेट विनियोजन गरिएकामा इपानले प्रसन्नता व्यक्त गरेको छ।

सरकारले यही जेठ १५ गते आर्थिक वर्ष २०७९/०८० का लागि रु १७ खर्ब ९३ अर्ब ८३ करोड बराबरको बजेट सार्वजनिक गरेको छ। कोरोना महामारीका कारण समयमा काम पूरा गर्न नसकेका विद्युत् आयोजनाको हकमा अनुमतिपत्रको म्याद दुई वर्ष थप्ने व्यवस्था गरिएको छ।

यस्तै निजी क्षेत्रले विद्युत्गृहदेखि विद्युत् प्राधिकरणको सवस्टेसनसम्म प्रसारण लाइन निर्माण गरेमा ७५ प्रतिशतसम्म शोधभर्ना दिने प्रावधान बजेटमा समेटिएको छ।

यस्तै, आन्तरिकरूपमा विद्युत् खपतलाई वृद्धि गर्न एलपीजी ग्यास विस्थापनका लागि अनुदान कटौती गर्ने, इन्डक्सन चुलोको प्रयोग बढाउने, सरकारी कार्यालयमा विद्युतीय सवारी प्रयोगलाई अनिवार्य गर्नेजस्ता कार्यक्रमको घोषणा गरेकामा प्रसन्नता व्यक्त गरेको छ।

बजेटले विद्युत् व्यापारमा निजी क्षेत्रलाई सहभागी गराउने, नदी बेसिनमा निर्माण हुने प्रसारण लाइन सरकारी, निजी साझेदारीमा निर्माण गर्ने विषय समावेश गरेको छ। त्यस्तै १० करोडसम्म विद्युत् खपत गर्ने उद्योगलाई महसुलमा १५ प्रतिशत छुट दिने व्यवस्था गरेको छ। यस्तो व्यवस्थाले इपानले उठाउँदै आएको आन्तरिक विद्युत् खपतको वृद्धिमा ठूलो सहयोग पुग्ने ठहर छ।

त्यस्तै, विसं २०८५ सम्म निर्माण पूरा हुने जलविद्युत् आयोजनाको हकमा १५ वर्ष आयकर पूरै र छ वर्ष ५० प्रतिशत आयकर छुटको व्यवस्था गरेको छ। बजेटमा समावेश यस्ता सबै कार्यक्रमको इपानले स्वागत गरेको छ।

बजेटले आगामी वर्ष ७१५ मेगावाट उत्पादन भएर राष्ट्रिय प्रसारण प्रणालीमा जोडिने प्रक्षेपण गरेको छ। सरकारको यस्तो प्रक्षेपणलाई पूरा गरी १० वर्षमा १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने सरकारको राष्ट्रिय लक्ष्यलाई साकार पार्दै मुलुकमा उच्च र दिगो आर्थिक विकासका लागि इपानले विगत २५ वर्षदेखि सरकारसँग हातेमालो गर्दै आएको स्मरण गरेको छ। हाल राष्ट्रिय प्रसारणलाइनमा कूल जडित क्षमता करिब दुई हजार २५० मेगावाट पुगेको छ।

सरकारले विद्युत् उत्पादनका लागि आफूहरुले दिएको सुझावलाई आत्मसात् गरेकामा प्रसन्नता व्यक्त गरेको अध्यक्ष कृष्णप्रसाद आचार्यले जानकारी दिए।


प्रदेश सरकार
लुम्बिनी प्रदेश
स्वास्थ्य जनसंख्या तथा परिवार कल्याण मन्त्रालय
स्वास्थ्य निर्देशनालय

**लुम्बिनी प्रादेशिक अस्पताल**
बुटवल

**बोलपत्र स्विकृतिका लागि सूचना**

प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०२/१८

यस अस्पतालबाट प्रथम पटक मिति २०७९/०१/१२ गते प्रकाशित बोलपत्रको सूचना अनुसार तपशिल बमोजिमको ठेक्कामा सूचनामा उल्लेखित अन्तिम म्यादभित्र दर्ता भएका बोलपत्र मुल्यांकन गर्दा सारभुत रुपमा प्रभावग्राही बोलपत्रहरु देहाय बमोजिम भएकोलेले सार्वजनिक ऐन २०६३ को दफा २७ को २ को प्रयोजनार्थ यो सार्वजनिक सूचना सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

तपसिल

| सि. नं. | ठेक्का नं. | कामको विवरण | दरभाउपत्र/बोलपत्रदातको नाम ठेगाना | स्वीकृत रकम मु.अ. कर बाहेक | कैफियत |
|---|---|---|---|---|---|
| १ | LPH-24-NCB-2078-079 | Supply, Delivery & Installation of MRI systems 1.5 T | M.A.W Vridhi Commercial Vehicles Pvt. Ltd., Kathmandu-15, Nepal | 92,00,000.00 | |

प्रमुख मेडिकल सुपरिटेण्डेण्ट



**इस्मा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
इस्मा रजस्थल,गुल्मी
लुम्बिनी प्रदेश, नेपाल
सूचना नं. ६१

**बोलपत्रको आशयपत्र सूचना**

मिति : २०७९/०२/१८

यस कार्यालयको आ.व. २०७८/०७९ अन्तर्गत Ratlarukha Sidunkha Khanepaani (Distribution Line Works). निर्माण गर्ने कार्यका लागि मिति २०७९/१/११ गतेका दिन प्रकाशित सूचना अनुसार न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिन आएका तपसिलमा उल्लेखित बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| ठेक्कान. | विवरण | निर्माण कम्पनी | कबोल रकम |
|---|---|---|---|
| OIRM/GUL/NCB/078/79/17 | Ratlarukha Sidunkha Khanepaani (Distribution Line Works) | श्री Nutan Nirman Sewa Resunga09, Gulmi | रू. ४३८५६५२.६९ (मू.अ.कर र पि. एस समेतको) |

निमित्त प्रमुख प्रशासकीय अधिकृत



**ZERO COST EMPLOYMENT OPPORTUNITY for Qatar Airways!!**
**शून्य लागतमा कतार एयरवेजमा रोजगारीको अवसर !!**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator !
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित !

QATAR AIRWAYS القطرية

Qatar Airways is one of the youngest global airlines to serve all six continents, and the world's fastest-growing airline. QA connect more than 140 destinations on the map every day, with a fleet of the latest-generation aircraft, and an unrivalled level of service from its home and hub, the Five-star airport, Hamad International Airport in Doha, the State of Qatar.

रोजगारदाता कम्पनी : कतार एयरवेज ग्रुप क्यु.सि.एस.सि.
Employer Company : QATAR AIRWAYS GROUP Q.C.S.C.

| पूर्व स्वीकृत मितिः २०२२/०५/२४ | चलानी नं: ६०१७९६०९ | एल टि नं : २६३४९४ |
|---|---|---|
| Pre Approval Date: 2022/05/24 | Invoice No.: 60179609 | LT No.: 263494 |

| सि.नं S.N. | कार्य इकाई Business Unit | कामदारको पद Worker's Position | माग संख्या Required No's: पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary: कतारी रियाल QAR | ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | QACC | Chef De Partie | 30 | 0 | अंग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing and speaking English | 3135 | १,०६,६०३ | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छ Yes | | दुई वर्ष 2 Years |
| 2 | QDF | Bartender | 20 | 10 | | 3080 | १,०४,७३३ | | | | | | | |
| 3 | QDF | Cook | 10 | 0 | | 1500 | ५१,००६ | | | | | | | |
| 4 | QDF | Waiter | 13 | 0 | | 1500 | ५१,००६ | | | | | | | |
| 5 | QDF | Kitched Steward | 5 | 0 | | 1000 | ३४,००४ | | | | | | | |
| 6 | QDF | Receiving Staff | 15 | 0 | | 1000 | ३४,००४ | | | | | | | |
| 7 | QDF | Service Associate | 30 | 0 | | 3080 | १,०४,७३३ | | | | | | | |
| 8 | QA | 1st Commis Chef | 20 | 10 | | 2576 | ८७,५९५ | | | | | | | |
| 9 | QA | Senior F&B Attendant | 30 | 0 | | 3436 | १,१६,८३८ | | | | | | | |
| 10 | QA | Bar Attendant | 20 | 10 | | 2576 | ८७,५९५ | | | | | | | |
| 11 | QA | Chef De Partie | 30 | 0 | | 4500 | १,५३,०१९ | | | | | | | |
| 12 | QA | Tour Guide I | 4 | 0 | | 2921 | ९९,३२६ | | | | | | | |
| 13 | QAS | Baggage Team Leader | 30 | 0 | | 3420 | १,१६,२९४ | | | | | | | |

नोटः आबेदकहरुलाई अवैध भर्तीकर्ताहरू देखि सचेत हुन अनुरोध गरिन्छ र कुनै बिचौलिया को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ। आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन।
Note: Applicants are requested to be aware of the illegal recuiters and are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Cost | भिषा स्टयाम्पीङ शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने : उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer: Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

प्रि–अन्तर्वार्ता आईएमआर अफिस ग्वार्को, ललितपुरमा धमाधम भईरहेको छ। इच्छुक आवेदकहरूले व्यक्तिगत विवरण र सहायक कागजातहरूको साथ प्रि–अन्तर्वार्ताको लागि उपस्थित हुन सक्छन्।
Pre Interview being conducted at the IMR Office, Gwarko, Lalitpur in full swing. Interested applicants may visit us with the CV and its supporting documents.

फाइनल अन्तर्वार्ता आईएमआर अफिस ग्वार्को, ललितपुरमा मिति जेठ २५ र २६ गते बुधबार र बिहिबारको दिन हुनेछ।
Final Interview will be held at IMR Office, Gwarko, Lalitpur on 8 and 9 June 2022 i.e. on Wednesday and Thursday.

ईन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट (आईएमआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट आईएमआरले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने।
International Manpower Recruitment P. Ltd (IMR) does not have any branch or mediator representative. IMR is a non-fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

अबैध भर्तीकर्ताहरुदेखि साबधान रहनुहोस् /Beware of Illegal Recruiters
कृपया धोखाधडी, अबैध क्रियाकलाप वा भ्रष्टाचार बिरुद्ध आईएमआरको हटलाइन नं ९७७ ९८०११३७७६९ मा वा ईमेल imr.grievance@gmail.com मा रिपोर्ट गर्न नहिचकिचाउनुहोस्। हामी तपाईको गोप्नीयता सुनिश्चित राख्नेछौं।
Feel free to report against fraud, illegal activities or corruption in IMR's Hotline +977 9801137769 or email at imr.grievance@gmail.com . We shall maintain your confidentiality.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

License No. 309/059/060
**International Manpower Recruitment (P) Ltd.**
Gwarko 7, Lalitpur, Nepal, Tel: 01-5204346, 5204347, 5204348
Mobile No.: +977 9801031586, 9802325733, 9818979632
For Location:

# गंगा दशहरा स्नान शुरु



काठमाडौं/मस- ज्येष्ठ शुक्ल प्रतिपदादेखि दशमीका दिनसम्म वाग्मतीलगायत देशभरका विभिन्न तीर्थमा लाग्ने गंगा दशहरा स्नान मेला मंगलबारदेखि सुरु भएको छ।

गोकर्णेश्वर नगरपालिका- १ सुन्दरीजलस्थित वाग्मतीमा शैलमती मिसिएर बनेको तीर्थ सिद्धगयाको प्राकृतिक सुन्दरतालाई थप आकर्षक बनाइरहेका दुई झरनाको नजिकमास्नान गर्न मंगलबारदेखि नै भक्तजन भेला भएका छन्।

वाग्मती र शैलमतीको सङ्गममा गङ्गा दशहरा स्नान गरी भगवान् शैलमतेश्वरको दर्शन गरेमा पापमोचन भई मुक्ति प्राप्त हुने धार्मिक विश्वास छ। दश प्रकारका पाप हरण गर्न ज्येष्ठ शुक्ल पक्षमा स्वर्गबाट पृथ्वीमा भागीरथीले गङ्गा अवतरण गराएको सम्झनामा देशभरका नदीमा दशहरा स्नान गरिन्छ।

ज्येष्ठ शुक्ल पक्षका दश दिनमा गङ्गा वा नदी किनारमा गई स्नान गरेमा दश प्रकारका पाप नाश हुने धार्मिक विश्वास छ। कसैले नदिइ कुनै वस्तु लिनु, विनायज्ञ हिंसा गर्नु, परस्त्री गमन गर्नु, कठोर वचन बोल्नु, असत्य बोल्नु, परनिन्दा गर्नु, बेमतलवको प्रलाप गर्नु, अरुको सम्पत्ति हडप्ने इच्छा राख्नु, अरुलाई हानी पुऱ्याउने इच्छा राख्नु र विनाकारण दुराग्रह राख्ने जस्ता पाप दशहराका अवसरमा गङ्गा, त्रिवेणी वा नदीमा गई स्नान गरेमा नाश हुने शास्त्रीय मान्यता छ।

सिद्धगयाका साथै काठमाडौंको हत्यामोचनघाट, रसुवाको गोसाइँकुण्ड, कपिलवस्तुको वाणगङ्गा, नवलपरासीको त्रिवेणी सङ्गमलगायत देशभरका नदीमा दशहरा स्नान मेला लाग्ने गर्दछ।

शरीर, मन र वचनले गरिने दश प्रकारका पाप दशहराका अवसरमा स्नान गरेर नाश हुने विश्वासमा गङ्गा दशहरा भनिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्व अध्यक्ष प्रा.डा रामचन्द्र गौतमले बताए।

कागेश्वरी मनोहरा र गोकर्णेश्वर नगरको सङ्गमस्थित वाग्मती नदी किनारमा रहेको हत्यामोचनघाटमा पनि स्नान मेला लागेको गङ्गा दशहरा स्नान एवं पूजा समितिका अध्यक्ष रोहित लिम्बूले जानकारी दिए।

पौराणिक कथा अनुसार परशुरामले पिता ऋषि जमदग्निको आदेश अनुसार माता रेणुकाको हत्या गरेपछि यही स्थलमा स्नान गरी हत्याको पाप मोचन गरेकाले यो स्थानलाई हत्यामोचनघाट भनिएको विभिन्न पुराणमा उल्लेख गरिएको छ।

यसअघि परशुरामले भारत वर्षका हजारौं तीर्थमा स्नान गर्दा पनि मातृ हत्याको पाप मोचन भएको थिएन। पापमोचनस्वरुप परशुरामकी आमा रेणुकाले पुनर्जीवनसमेत पाएको पौराणिक कथन छ। दशहराका दश दिने अवधिमा जेठ महीना, शुक्ल पक्ष, दशमी तिथि, बुधबार, हस्ता नक्षत्रलगायत दश योग पर्ने गरेको छ।

पौराणिककालमा यही दश दिन लगाएर स्वर्गबाट गङ्गा पृथ्वीमा अवतरण भएको शास्त्रीय मान्यता छ। गङ्गा किनारस्थित भारतको काशीको दशाश्वमेधघाटमा पनि यो दश दिने अवधिमा विशेष मेला लाग्छ। यसैगरी त्रेतायुगमा भगवान् रामले सेतुबन्धमा स्थापना गरेको रामेश्वरघाटमा यस अवसरमा मेला लाग्ने गर्छ। यी तीर्थमा स्नान गरी भगवान्को दर्शन गरेमा दश प्रकारको पाप नाश हुने धार्मिक विश्वास छ।

# आइजिपी विवादको सुनुवाइ यही जेठ ३० गते



काठमाडौं/मस- सर्वोच्च अदालतमा नेपाल प्रहरीको महानिरीक्षक (आइजिपी) नियुक्तिविरुद्ध दायर भएको रिट निवेदनको यही जेठ ३० गते सुनुवाइ हुने भएको छ।

न्यायाधीशद्वय विश्वम्भरप्रसाद श्रेष्ठ र डा.कुमार चुडालको संयुक्त इजलासमा पेसी तोकिएको भए पनि म्याद तामेल नभएको कारण सुनुवाइ हुन सकेन। 'रिट निवेदनमा प्रत्यार्थीहरु वसन्तकुमार पन्त, धीरजप्रताव सिंह र रवीन्द्रबहादुर धानुकको नाममा म्याद तामेल भई आएको देखिएन', आदेशमा भनिएको छ, 'प्रत्यार्थी वसन्तकुमार पन्त कैलालीमा रहेको र अन्य प्रत्यार्थीलाई म्याद बुझाउन नसकिएको भन्ने प्रतिवेदनबाट देखिन आएको छ।'

आदेशमा रिट निवेदनका निज विपक्षीहरु प्रहरी सेवाका उच्च पदाधिकारी रहे भएको र निजहरुकै नामको म्यादसमेत तामेल हुन नसकेको गम्भीर अवस्था देखिएको उल्लेख छ। 'तीनै जनाको म्याद मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १०५ बमोजिम प्रहरी प्रधान कार्यालय, नक्सालको सहयोग लिई उपलब्ध हुनसके इमेल वा फ्याक्स वा अन्य विद्युतीय साधनबाट आजको मितिले सात दिनभित्र म्याद तामेल गरी गराई थाम्ने थमाउने म्याद नपाउने गरी तीन दिनभित्र लिखित जवाफ पेस गर्न लगाई मिति २०७९/०२/३० गते पेसी तोकी नियमानुसार पेस गर्नु', आदेशमा भनिएको छ।

यसअघि, न्यायाधीश सुष्मालता माथेमाको एकल इजलासले गत वैशाख २२ गते मुद्दाको अन्तिम सुनुवाइ आजदेखि हुने आदेश दिएको थियो। उक्त इजलासले सरकारका तर्फबाट अन्तिम सुनुवाइका लागि लिखित जवाफ माग गर्दै अन्तरिम आदेश दिन अस्वीकार गरेको थियो।

आदेशमा तोकिएको दिनमा नै अन्तिम सुनुवाइ गरिने र सो मिति सार्न नपाइने उल्लेख थियो। सोही आदेशानुसार सुनुवाइ तय भएको थियो।

सरकारले आइजिपीमा धीरजप्रताप सिंहलाई बढुवा गरेपछि प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) विश्वराज पोखरेलले बढुवाका लागि आफू योग्य भएको तर सरकारले वरिष्ठता क्रममा तेस्रो व्यक्तिलाई बढुवा गरेको उल्लेख गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।

एआइजी पोखरेलले दायर गर्नुभएको रिट निवेदनसँगै मंगलबार सुनुवाइका लागि सिंहसहित तीन जनालाई एआइजी बढुवा गर्ने निर्णयविरुद्ध तीनजना डिआइजीले दायर गरेको रिट निवेदनलाई साथै राखिएको छ।

# मौसम सफा नभई उडान अनुमति नदिने प्राधिकरणको निर्णय




काठमाडौं/मस- नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले मौसम सफा नभई आन्तरिक उडानका लागि अनुमति नदिने भएको छ।

तारा एअरको विमान दुर्घटना भएसँगै हवाई दुर्घटनाको जोखिम न्यूनीकरणका लागि प्राधिकरणले इन रुट अर्थात् विमान उड्ने र पुग्ने स्थान उडान मार्गको मौसम अनुकूल नभएसम्म उडान अनुमति नदिने निर्णय गरेको हो। मौसम खराबीले तारा एयरको ट्वीनअटर विमान दुर्घटनामा परेको प्राधिकरणले प्रारम्भिक निष्कर्ष निकालेको थियो।

नेपाल नागरिक उड्डयन प्राधिकरणका उपमहानिर्देशक एवं प्रवक्ता देवचन्द्रलाल कर्णले इनरुटको मौसम सफा नभएको अवस्थामा उडानको अनुमति नदिने निर्णय गरिएको जानकारी दिए। उनका अनुसार यस्तो निर्णय भिएफआर (भिजुअल फ्लाइट रुल्स) बाट उडान गर्ने विमान र विमानस्थलका लागि मात्रै लागू हुनेछ। पहिले विमान उड्ने विमानस्थल र विमान पुग्ने विमानस्थलको मौसम सफा भएमा प्राधिकरणले उडान अनुमति दिने गरेकोमा अब इनरुट मौसम पनि सफा हुनुपर्ने निर्णय गरिएको र यसले यसले हवाई दुर्घटना कम गर्न मद्दत गर्ने विश्वास लिइएको छ।

# सात वर्षमा पोखरा–जोमसोम रुटमा तारा एयरको दुई ठूला दुर्घटना



**बेनी/रासस–** पोखरा-जोमसोम रुटमा उडान भर्दै आएको तारा एयरका विमान सात वर्षमा दुई ठूला दुर्घटनामा परेका छन्। आइतबार पोखराबाट बिहान ९:५५ बजे उडेको २२ जना सवार तारा एयरको ९ एनएइटी ट्वीनअटर जहाज मुस्ताङको थासाङ गाउँपालिका-२ कोबाङस्थित सानुसरेमा दुर्घटनामा परेको थियो।

प्रतिकूल मौसम र भौगोलिक कठिनाइका कारण जहाज दुर्घटनामा परेको एक दिनपछि मात्रै हिमालको फेदीको सानुसरेमा जहाज ठोक्किएर दुर्घटना भएको घटनास्थल पत्ता लागेको थियो। दुर्घटनामा चालक दलसहित २२ जनाको मृत्यु भएको छ।

जोमसोम विमानस्थल नपुग्दै कोबाङको सानुसरे डाँडोमा ठोक्किएर दुर्घटनामा परेको विमानमा सवार सबैको शव संकलन गरी काठमाडौं पठाइएको छ। तारा एयरको यसअघि २०७२ फागुन १२ गते तारा यएरको ९-एनएएचएच ट्वीनअटर विमान म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ दानाको सोलीघोप्टे भिरमा दुर्घटना भएको थियो।

उक्त दुर्घटनामा दुई विदेशी नागरिक र चालक दलका तीनसमेत गरी २३ जनाको मृत्यु भएको थियो। सात वर्षको अवधिमा आइतबार भएको दोस्रो दुर्घटना हो। त्यसैगरी २०७३ भदौ ३ गते जोमसोमबाट पोखराका लागि उडान भर्न लागेको तारा यएरकै ९ एमइक्यु ट्वीनअटर विमान धावनमार्गमा पाङ्गा नखुलेपछि

पोखरा-जोमसोम रुटमा उडान भर्ने विमानले म्याग्दीको घोरेपानीसम्म पोखराको टावर र लेतेमाथिको आकाशदेखि जोमसोमसम्म जोमसोम विमानस्थलको टावरसँग सम्पर्क हुने भए पनि पहाड र हिमालको अवरोधका कारण घोरेपानीदेखि लेतेको आकाशसम्म विमान दुवैतर्फको सम्पर्कबाट विच्छेद हुन्छन्। योबीचको दूरी पार गर्न विमानलाई पाँचदेखि छ मिनेट लाग्ने गर्छ। दुवैतर्फको टावरबाट विच्छेद हुने 'बफर जोन'को यही मार्गमा धौलागिरि र अन्नपूर्ण हिमालको बीच भएर विमानले उडान भर्नुपर्छ।

# सेनेटरी प्याड उद्योगीद्वारा अर्थमन्त्रीलाई ताला बुझाउने




**काठमाडौं/मस –** नेपालका उद्योग तथा उत्पादनलाई प्रोत्साहन गर्ने गरी बजेट ल्याएको दाबी गरेका अर्थमन्त्रीलाई सेनेटरी प्याड उत्पादन गर्ने उद्योगका उद्योगीहरुले भने तालाचाबी बुझाउने चेतावनी दिएका छन्। नेपालमै माग भन्दा बढी उत्पादन क्षमता हुँदाहुँदै विदेशबाट आयात हुने सेनेटरी प्याडमा ९० प्रतिशत भन्सार शुल्क छुट दिएर आफूहरुलाई 'ताला चाबी बुझाएर जाओ' भन्न खोजिएको उद्योगीहरुले बताएका छन्। नेपाल सेनेटरी प्याड उत्पादक संघका अध्यक्ष डोलराज प्रसाद अधिकारीले सेनेटरी प्याडको आयातमा ९० प्रतिशत भन्सार छुटको निर्णय तत्काल फिर्ता लिन माग गरे।

'हामीले उत्पादन गरेको सेनेटरी प्याड अहिले वार्षिक ३० करोड पिस खपत भईरहेको छ, हामीसँग ९० करोड पिस उत्पादन गर्ने क्षमता छ' उनले भने, 'पूर्ण क्षमतामा उद्योग चलाएर निर्यातको वातावरण बनाउनुपर्ने बेलामा कुनै स्वार्थ समूहको प्रभावमा परेर आयात गर्दा ९० प्रतिशत भन्सार छुट दिने नीति लिईयो, यो निर्णय तत्काल फिर्ता नभए हामी उद्योग बन्द गरेर ताला चाबी बुझाउँछौं।' उद्योगी पुनित शारदाका अनुसार सेनेटरी प्याड उद्योगले वार्षिक १५ करोड बिजुली खपत गर्दै आएका छन्। सेनेटरी प्याड उद्योगमा ६ अर्ब रुपैयाँ लगानी रहेको छ। लगानीमध्ये २० प्रतिशत उद्योगीको र बाँकी ८० प्रतिशत बैंकहरुको रहेको उद्योगी शारदाको भनाई छ। आयात गर्दा भारी मात्रामा भन्सार छुट हुने भएपछि अबको हरेक वर्ष सेनेटरी प्याडको आयात बढेर नेपालको ब्यापार घाटा झन चुलिँदै जाने उनीहरुको चिन्ता छ।

उद्योगी डा. सपना पाण्डे भुसालले नेपालमै 'क्वालिटी' र सस्तो मूल्यका सेनेटरी प्याड उत्पादन हुँदै आएकोमा यसबारे गलत निर्णय गरेर नेपालको ब्यापार घाटा झन बढाउने नीति अवलम्बन गरिनु दु:खद भएको बताएकी छिन्। 'गत वर्षबाटै नेपाली सेनेटरी प्याडको गुणस्तर बनिसकेको छ, नेपाल गुणस्तर अनुसार नै अहिले हामीले उत्पादन गर्दै आएका छौं' उनले भनिन्, 'यसबारे केही नीतिगत निर्णय लिँदा यहाँका सम्बन्धित पक्षलाई सजिलो अफ्ट्यारो के हुन्छ भनेर एक पटक पनि सोधिएन, हामी अर्थमन्त्रीलाई भेट्न पनि गयौं, तर दिएको सुझाव एउटा थियो, नीति आईदियो अर्को।' सेनेटरी प्याडको उत्पादनमा आवश्यक कच्चा पदार्थमध्ये २५ प्रतिशत स्वदेशी कच्चा पदार्थ नै खपत हुँदै आएको छ। बाँकी कच्चा पदार्थ विभिन्न देशबाट आयात हुन्छ। 'मल्टीनेशनल कम्पनीका विदेशी सेनेटरी प्याडलाई छुट दिएपछि हामीले मुल्यमा प्रतिस्पर्धा गर्न सक्दैनौं, निर्णय फिर्ता नभए एक दुई दिनमा माइतीघरमा आन्दोलन गरेर उद्योगको चाबी सरकारलाई बुझाउँछौं' एक उद्योगीले भने।

**Invitation for Bids**

**Hariharpurgadhi Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Jhanjhane, sindhuli**
**IFB No: 14/2078/079/HRM**
**Contract Identification No: 14/2078/079**
**Date of publication: 2079/02/18**

1. The Government of Nepal [GoN] has allocated funds towards the cost of Construction of 15 bed Hospital of Hariharpurgadhi Rural Municipality and intends to apply part of the funds to cover eligible payments under the Contract for Construction of 15 bed Hospital of Hariharpurgadhi Rural Municipality (Contract No: 14/2078/079). Bidding is open to all eligible bidders as per Section V of Bidding Document.
2. Hariharpurgadhi Rural Municipality invites electronic bids from eligible bidders for the construction of Construction of 15 beds Hospital of Hariharpurgadhi Rural Municipality under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
Only eligible bidders with the following key qualifications should participate in this bidding:
Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 17,11,50,000.
Minimum Work experience of similar size and nature: At least one Building Structure contract in last 10 years. With value of NRs. 18,25,00,000.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Hariharpurgadhi Rural Municipality, Sindhuli, Bagmati Province, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder should submit their bid electronically and download the bidding documents for e-submission from PPMO's website www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document a non-refundable fee of 20,000.0 NRs. till 2079/03/16, 12:00, noon during office hours, in the Project's Rajaswa (revenue) account as specified below
**Name of the Bank: Citizens Bank International Ltd.**
**Name of the Office: Hariharpurgadhi Rural Municipality**
**Office Account no: 0730100000001202**
**Rajaswa (revenue) Shirshak no: Antarik Rajashwo Khata**
6. Pre-bid meeting shall be held on 2079/03/07.
7. Electronic bids must be submitted to the office Hariharpurgadhi Rural Municipality, Sindhuli, Bagmati Province, Nepal through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 2079/03/16, 12:00, noon Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2079/03/16, 14:00 hours at the office of Hariharpurgadhi Rural Municipality Jhanjhane Sindhuli Nepal. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 57,00,000 which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the bid security in the form of cash the cash should be deposit in the office bank account as specified below.
**Name of the Bank: Citizens Bank International Limited**
**Name of Office: Hariharpurgadhi rural Municipality**
**Dharauti Khata no: 0730100000023201**
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

# ५० करोड डलर ऋण दिन भारतसँग श्रीलंकाको आग्रह



काठमाडौं/मस- देशमा जारी आर्थिक संकटबाट पार पाउने प्रयासस्वरुप श्रीलंकाले इन्धन आयातका लागि ५० करोड अमेरिकी डलर ऋण उपलब्ध गराउन भारतसँग अनुरोध गरेको छ । उक्त रकम प्राप्तिका लागि श्रीलंका सरकारले भारतसँग वार्ता गरिरहेको छ ।

भारतका लागि श्रीलंकाका उच्चायुक्त मिलिन्दा मोरागोडाले गत साता भारतका अर्थमन्त्री निर्मला सीतारमणसँगको भेटवार्तामा थप ऋण सहयोगबारे अनुरोध गरेका थिए । यसअघि भारतले प्रदान गरेको ५० करोड अमेरिकी डलरको यो अतिरिक्त रकम हो । अतिरिक्त ऋणका लागि श्रीलंकाकाली उच्चायुक्तले वार्ता गरेका हुन् ।

श्रीलंकाले सन् १९४८ मा स्वतन्त्रता प्राप्त गरेपछिको सबैभन्दा खराब आर्थिक संकटको सामना गरिरहेको छ । आर्थिक मन्दीले पिरोलिएको टापुराष्ट्र कोभिड-१९ महामारीका कारण थप प्रभावित भयोभने महामारीको समयमा पर्यटन उद्योग सञ्चालन नहुँदा विदेशी मुद्राको सञ्चिति सकिएसँगै ऋण सहायताका निम्ति छिमेकी भारतलाई गुहार्नु परेको हो ।

विदेशी मुद्राको अभावमा देशलाई पर्याप्त इन्धन किन्न असमर्थ मात्र बनाएन सर्वसाधारणलाई खाना पकाउने ग्यास, खाद्यान्न र अन्य आधारभूत आवश्यकता पूरा गर्न हम्मेहम्मे परेको छ । आधारभूत आवश्यकता पूरा हुन नसक्दा अधिकतर श्रीलङकालीको जीवन अकल्पनीयरुपमा कष्टकर बनेको छ । भारतले अत्यावश्यक सामग्री आयातका लागि अर्को एक अर्ब अमेरिकी डलरको ऋण प्रस्ताव गरेको तथा त्यसमध्ये २० करोड डलर इन्धन आयातमा खर्च हुनेछ । यो टापु राष्ट्रले डिजेल र पेट्रोलको लागि हालसम्म ७० करोड अमेरिकी डलर खर्च गरिसकेको छ । उक्त रकम पनि भारतबाट ऋणस्वरुप प्राप्त भएको थियो ।

यसैबीच, प्रधानमन्त्री रनिल विक्रमासिङ्घेले आफ्नो देशमा जारी आर्थिक संकटको बीचमा भारतले गरेको सहयोगको प्रशंसा गर्दै दुई राष्ट्रबीचको सम्बन्धलाई अझ सुदृढ गर्ने इच्छा व्यक्त गरेका गरेका छन् । 'यो कठिन समयमा भारतले गरेको सहयोगका लागि आभार व्यक्त गर्दछु। म हाम्रा राष्ट्रहरू बीचको सम्बन्धलाई अझ सुदृढ गर्न तत्पर छु,' उनले सामाजिक सञ्जालमा भनेका छन् ।

# सम्पत्ति शुद्धीकरण मुद्दामा दिल्लीका स्वास्थ्यमन्त्री पक्राउ

काठमाडौं/एजेन्सी- सम्पत्ति शुद्धीकरण मुद्दामा दिल्लीका स्वास्थ्यमन्त्री सत्येन्द्र जैन पक्राउ परेका छन् । अरविन्द केजरीवाल सरकारका मन्त्री जैन सन् २०१५ देखि सन् २०१६ मा कोलकाताको एक फर्मसँग हवाला लेनदेनमा संलग्न थिए ।

केन्द्रीय अनुसन्धान व्युरो (सीबीआई)ले जैन र उनको परिवारविरुद्ध अगस्ट २०१७ मा १ दशमलब ६२ करोड भारुसम्मको सम्पत्ति शुद्धीकरणको आरोपमा मुद्दा दायर गरेको थियो । आम आदमी पार्टीले उनको पक्राउको विरोध गरेको छ ।

दिल्लीका उपमुख्यमन्त्री मनिष सिसोडियाले एक ट्विटमा हिमाञ्चल प्रदेशमा आगामी चुनावलाई प्रभावित गर्ने उद्देश्यले जैनलाई गिरफ्तार गरिएको आरोप लगाएका छन् । जैन हिमाञ्चल प्रदेशका आम आदमीका इन्चार्ज हुन् ।

केही साताअघि भएको विधानसभा निर्वाचनमा आम आदमी पार्टीले दिल्लीको अतिरिक्त गुजरात राज्यमा आश्चर्यजनक सफलता प्राप्त गरेको थियो । भ्रष्टचार र अनियमिततालाई जरैदेखि उन्मुलन गर्ने आम आदमीले उद्घोष गर्दै आएको छ ।

# अष्ट्रेलियाको मन्त्रिपरिषद्मा पहिलो पटक मुस्लिम प्रतिनिधित्व

**काठमाडौं/एजेन्सी–** अष्ट्रेलियामा मंगलबार नयाँ मन्त्रपरिषद् विस्तार गरिएको छ । नवनिर्वाचित प्रधानमन्त्री एन्थोनी अल्बानीले नयाँ मन्त्रपरिषद् विस्तार गरेका छन् । लेबर पार्टीको नेतृत्वमा गठन भएको मन्त्रिपरिषद्मा ३० जना मन्त्री भएका छन् । ती मध्ये १३ जना महिला रहेका छन् ।

आदिवासी समुदायका महिला मध्ये लिन्दा बर्नी पहिलो मन्त्री बनेकी छन् । अष्ट्रेलियामा यसअघि आदिवासी समुदायबाट कुनै महिला मन्त्री बनेका थिएनन् । तर आदिवासी पुरुष भने एक जना मन्त्री यसअघि केन वाईट मन्त्री बनेका थिए ।

त्यसैगरी अष्ट्रेलियाको इतिहासमा अहिलेको मन्त्रिपरिषद्मा पहिलो पटक मुस्लिम समुदायको प्रतिनिधित्व भएको छ । अहिले एकै पटकमा मुस्लिम समुदायका दुई जना मन्त्री बनेका छन् । प्रधानमन्त्रीको सचिवालयले दिएको जानकारी अनुसार एद हसिक र अन्ना अलीले मुस्लीम समुदायको प्रतिनिधित्व गर्दै मन्त्रिपरिषद्मा सहभागी हुने ऐतिहासिक अवसर पाएका हुन् ।

त्यसैगरी उपप्रधानमन्त्रीको जिम्मेबारी समेत पाउनु भएका रिचार्ड मार्लेसले रक्षा मन्त्रालय सम्हाल्नेछन् भने क्लार ओनेइललाई गृह मन्त्रालयको जिम्मेबारी दिइएको छ ।

उनले मन्त्रिपरिषद्को कोषाध्यक्षमा जिम चाल्मर्स, विदेश मन्त्रीमा पेन्नी वाङ र अर्थमन्त्रीमा काती गाल्लाघारलाई पहिलो दिन नै नियुक्त गरेका थिए । उनीहरु सबैले मे २३ मा नै सपथ लिएका थिए ।

मंगलबार मन्त्रीमा नियुक्त भएकालाई भने बुधबार सपथ खुवाइने प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । लेबर पार्टीले एक्लै बहुमत ल्याएपछि उनले एकल मन्त्रिपरिषद् गठन गरेका हुन् । देशका पाँच प्रदेशमा अझै पनि विदेशबाट आएका मत गणना भइरहेपनि बहुमत पुऱ्याउन आवश्यक पर्ने ७६ सिट जितीसकेकाले उनले मन्त्रिपरिषद्लाई पूर्णता दिएका छन् । लेबर पार्टीका नेता अल्बानी प्रधानमन्त्री भएको १० दिनपछि मात्रै मन्त्रपरिषद् गठन गरिएको हो । लेबर पार्टी यसअघि नौ वर्ष प्रतिपक्षमा रहेको थियो ।


## कुवेतमा रोजगार
कम्पनी : GREEN OMAN SWEETS COMPANY PASTRIES AND SWEETS. शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/०२/१७ चलानी नं.: ६०१८०१७७ LT. No.: 263860

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Girls | 0 | 4 | स. काममा दक्ष | 140 | ५६,६६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २५ गते (8 June 2022) मा हुनेछ ।

Koperasi International Pvt. Ltd.
Tokha-9, Gongabu, (Shiva Mandir), Kathmandu, Tell.: 01-6201229
Mob: 9851023473, 9860773210, 9849565069, Email: sarojoli208@gmail.com

## कतारमा रोजगार
कम्पनी: JASCON ENGINEERING W.L.L. शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०८/१६ चलानी नं.: ६०१६९३५९ L.T. No.: 252783 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रु. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना | बस्ने | करार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४०,५८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labourer | 6 | 0 | | 1000 | ३३,८२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ २५ गते (8 June 2022) मा हुनेछ ।

अल- सहेली म्यानपावर प्रा. लि.
पो.ब.नं.: २१४४, सामाखुसी-२६, टाउनप्लानिङ (श्रेष्ठ प्लाजा), काठमाडौं, नेपाल
फोन: ४३८७३७२, ४३८७७४०, फ्याक्स: ४३८७३२९, मो: ९८१६९१७८७०, E-mail : alsahelimanpower2010@gmail.com

## मलेसियामा रोजगार
कम्पनी: NUTRI FROZEN FOOD SDN BHD शहर : KL
पूर्व स्वीकृत मिति: २०७९/०२/१७ चलानी नं.: ६०१८००५३ L.T. No.: 263969

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रु. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना | बस्ने | करार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 6 | 0 | स. कामामा दक्ष | 1500 | ४२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ २५ गते (8 June 2022) मा हुनेछ ।

Maa Padma Placement Pvt. Ltd.
Sinamangal, Kathmandu, Tel: 01-4354960, 4354906, Fax : 4354900

## साउदीमा रोजगार
कम्पनी: ALASCON COMPANY LIMITED शहर: Saudi
पूर्व स्वीकृत मिति: २०७९/०२/१७ चलानी नं.: ६०१८००४५ L.T. No.:263986

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रु. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना | बस्ने | करार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 15 | 0 | स. कामामा दक्ष | 1000 | ३३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ २५ गते (8 June 2022) मा हुनेछ ।

रोलेक्स रिक्रुटमेन्ट एजेन्सी प्रा. लि.
पो.ब.नं. २१९७, महाराजगंज, काठमाडौं । फोन: ४४२११४, ४४२०५४२, फ्याक्स: ४२२११९८
Email:- rolex.nepal@gmail.com

## साउदीमा रोजगार
AL LAHIB RESTAURANT, SAUDI
पूर्व स्विकृति मिति: २०७८/०८/०२ चलानी नं: ६०१६७९९० LT No. 250478 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 01 | कामामा दक्ष | 1000 | 30000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता: मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ २५ गते (8 June 2022) हुनेछ ।

INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.
Balaju-16, kathmandu, LIC.NO. 424/060/061, Ph: 4358728, 4362446

## मलेसियामा रोजगार
कम्पनी: ATLAS EDIBLE ICE (M) SDN. BHD. शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७६/११/०४ चलानी नं.: ६०१५१८२० L.T. No.: 233154 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रु. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना | बस्ने | करार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 44 | 0 | स. कामामा दक्ष | 1200 | ३४,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ २५ गते (8 June 2022) मा हुनेछ ।

AL NASEER OVERSEAS PVT. LTD.
Pingalastha-9 Gaushala, Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 4489867, 4466772, 4466771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com

## मलेसियामा रोजगार
१. कम्पनी : SUN SUNG LEE ENGINEERING SDN. BHD. शहर: Pinang
पूर्व स्वीकृत मिति: २०७९/०२/१७ चलानी नं.: ६०१८०७३१ L.T. No.: 264006

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रु. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना | बस्ने | करार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 6 | 0 | स. कामामा दक्ष | 1500 | ४२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : KECK SENG (MALAYSIA) BHD शहर: Johor
पूर्व स्वीकृत मिति: २०७९/०२/१७ चलानी नं.: ६०१८०७३२ L.T. No.: 264007

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रु. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना | बस्ने | करार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 20 | 0 | स. कामामा दक्ष | 1500 | ४२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ २५ गते (8 June 2022) मा हुनेछ ।

रिलायन्स एच. आर. सोलुसन प्रा. लि.
पो.ब.नं. ११५२४, गोंगबु, काठमाडौं, फोन: ४३८०७६६, फ्याक्स: ४३८७५५५

## साउदीमा रोजगारको अवसर
कम्पनी: MAHDI ALI AL HARIRI CONT. EST शहर:QATIF
पूर्व स्वीकृत मिति: २०७९/०२/१७ चलानी नं.: ६०१८०११५ L.T. No.: 264029

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रु. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना | बस्ने | करार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith Armament Building | 2 | 0 | सम्बन्धित कामामा दक्ष | 1200 | ३९,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Building Carpenter | 2 | 0 | | 1200 | ३९,६०० | | | | | | | |
| 3. | Public Building | 2 | 0 | | 1200 | ३९,६०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७९ जेठ २५ गते (8 June 2022) मा हुनेछ ।

Synnet International Pvt.ltd.
Kupondol-10, Lalitpur, Tel: 01-5545018

## कतारमा रोजगार
१. कम्पनी: GULF ENERGY TECHNOLOGY & PROJECTS शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/१०/१८ चलानी नं.: ६०१७३८३४ L.T. No.: 257306 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रु. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना | बस्ने | करार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 13 | 0 | स. कामामा दक्ष | 1200 | ४०,५८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २५ गते (8 June 2022) मा हुनेछ ।

Mobhira Recruitment Consultancy services (P.) Ltd.
बुढानिलकण्ठ-६, हातिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८०४२, ४३७९८३६,
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com

## कतार रोजगारको अवसर
कम्पनी: GREEN MASTERS TRADING & CONTRACTING CO WLL शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/०२/१७ चलानी नं.: ६०१८०७२७ L.T. No.: 263816

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रु. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना | बस्ने | करार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOURER | 2 | 0 | स. कामामा दक्ष | 1000 | ३३,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २५ गते (8 June 2022) मा हुनेछ ।

रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.
सामाखुसी-२९, काठमाडौं, श्रम इजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9801255512, Email: info.royal1034@gmail.com

## साउदीमा रोजगार
१. कम्पनी : ABDUL RAHMAN ATTIA SOBHI AL-ATWI GROUP FOR TRADING AND CONTRACTING. शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०७९/०२/१७ चलानी नं.: ६०१८००६० L.T. No.:263989

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रु. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना | बस्ने | करार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Cleaning Agent | 4 | 0 | स. कामामा दक्ष | 1200 | ३९,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : LUXURIOUS MOONLIGHT LAUNDRIES FOR CAR SERVICES शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०७९/०२/१७ चलानी नं.: ६०१८००६१ L.T. No.:263952

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रु. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना | बस्ने | करार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Cleaning Agent | 5 | 0 | स. कामामा दक्ष | 1200 | ३९,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ २५ गते (8 June 2022) मा हुनेछ ।

NEW ALFA H.R. SERVICES PVT. LTD.
Maharajgunj-3, Kathmandu | Tel: 9851091508, 01-4721183, 01-4721184
E-mail: newalfahrs@gmail.com | Web.: www.newalfahrs.com

## साउदीमा रोजगार
कम्पनी: COMPANY RAFAL HOTEL LIMITED LIABILITY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०४/१७ चलानी नं.: ६०१६०९३८ L.T. No.: 243187 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रु. | ओभर टाईम | प्रतिदिन घण्टा | हप्तामा दिन | वार्षिक बिदा | खाना | बस्ने | करार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dish Cleaner | 1 | 0 | स. कामामा दक्ष | 1200 | ३९,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ २५ गते (8 June 2022) मा हुनेछ ।

Jobs Global.Com Employment Services Pvt. Ltd.
P.O. Box: 23080, Basundhara, Kathmandu, Nepal
Email: jobsglobalnepal@gmail.com | Web: www.jobsglobal.com.np

# बक्स अफिस समाचार

## फुर्पाले स्वीकारे गल्ती, मिरुनाले दिइन् माफी

**काठमाडौं/मस–** अभिनेत्री मिरुना मगर र फुर्पा तामाङबीच मिलापत्र भएको छ । आइतवार सिभिल हलमा आफूमाथि दुर्व्यवहार गरेको भन्दै मिरुनाले तामाङलाई सार्वजनिक स्थानमा थप्पड हानेर प्रहरीको जिम्मा लगाएकी थिइन् । दुई दिन हिरासतमा बिताएपछि मंगलवार तीन हजार धरौटीमा छुटेका तामाङसँग भेट गर्दै मिरुनाले भाइ सम्झेर माफी दिएको दुई पक्षबाट जारी मिलापत्रमा उल्लेख छ ।

मिरुना र फुर्पाले हस्ताक्षर गरेको मिलापत्रमा भनिएको छ, 'कबड्डी ४ : द फाइनल म्याच' हेर्ने दर्शकहरुसँग साक्षात्कार गर्ने क्रममा सिभिल मलको क्यूएफएक्स हलमा पुगेकी अभिनेत्री मिरुना मगरमाथि अभद्र व्यवहार सम्बन्धि घटनामा मुगु स्थायी घर भएका फुर्वा तामाङले गल्ती स्वीकार गरी अभिनेत्री मिरुना मगरसमक्ष माफी मागेको र अभिनेत्री मिरुना मगरले भाइ सम्झेर माफी दिएकी छन् ।' अभिनेत्री मगरले कुनै जाती, धर्म, सम्प्रदायप्रति पुग्ने आशयले कुनै कार्य नगरेको भएपनि उक्त परिस्थितिमा आकस्मिक प्रतिक्रिया जनाउने क्रममा घटित भएको घटनाबाट सिंगो बौद्ध धर्मालम्बी, भिक्षु, लामा समुदाय तथा सम्प्रदायप्रति पर्न गएको असरप्रति क्षमा याचना पनि गरेको पत्रमा उल्लेख छ । मिरुना र फुर्वाले आगामी दिनमा यस विषयमा विवाद नगर्ने भन्दै पत्रमा हस्ताक्षर गरेका छन् ।




मिरुनाले फुर्पालाई सार्वजनिक ठाउँमा हातपात गरेको भन्दै मंगलवार बौद्ध धर्मालम्बीहरुले चाबहीलमा मिरुना र 'कबड्डी ४'विरुद्ध प्रदर्शन गरेका थिए । मिरुनाले फुर्पासँग माफी नमागे फिल्म चल्न नदिने उनीहरुको चेतावनी थियो । मंगलवार केही तामाङ युवाहरुले चलचित्र विकास बोर्डमा मिरुनाले माफी माग्नु पर्ने माग राख्दै 'कबड्डी ४'को शो बन्द गर्न ध्यानकर्षण पत्र बुझाएका थिए ।

## 'प्रकाश'को टिजर सार्वजनिक



**काठमाडौं/मस–** फिल्म 'प्रकाश'को टिजर युट्युबमा रिलिज गरिएको छ । भदौ १० गतेबाट यो फिल्म रिलिज हुनेछ । फिल्मको टिजरमा मुख्य कलाकारहरु दिया मास्के र प्रदिप खड्कालाई देखाइएको छ। कर्णालीको परिवेशमा उनीहरुको पहिरन, संवाद र शैलीले दर्शकलाई आकर्षित गर्न सक्छ । जनयुद्धका कारण वेपत्ता आफ्ना श्रीमान् र पितालाई पर्खिरहेका परिवारको कथामा यो फिल्म बनेको छ । साथमा फिल्मले सरकारी स्कुलको जागिर खानका लागि एक यूवाले गर्ने संघर्ष पनि भन्छ । विकास सुवेदीको लेखनमा तयार भएको फिल्मलाई 'प्रसाद' फेम्ड निर्देशन दिनेश राउतले निर्देशन गरेका हुन् ।

फिल्ममा रेनु योगी, प्रकाश घिमिरे, निरज पन्थी, गोविन्द सुनुवार, रामबाबु रेग्मी, लोकेन्द्र लेखक, दिपेन्द्र शाही लगायतका कलाकारको मुख्य भूमिका छ ।

बिनिस इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको फिल्ममा राजेश श्रेष्ठको छायांकन, जीवन थापाको सम्पादन, सुवास भुषाल, दीपक शर्मा, ताराप्रकाश लिम्बु र एलिस कार्कीको संगीत छ । महेन्द्र अधिकारीको लगानीमा यो फिल्म निर्माण भएको हो ।

## Balshikshya Higher Secondary School

**Jhimruk 5, Pyuthan**

**Lumbini, Province, Nepal**

### Invitation for Sealed Quotations

**Procurement of Engineering Equipment**

Contract Identification No: Bal/SHIKSHYA/GOODS/01/2078/079

Date of publication: 2079/02/18 (A.D.2022/06/01)

1. The Balshikshya higher Secondary school Jhimruk 5, Pyutuhan invites sealed quotations for the Procurement of engineering equipment.

| S. N. | Project Name | Contract Identification No | Fee of Bid Doc. (NRs.) | Estimated Amount (including VAT) NRs. | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | Amount (NRs) | Validity Period (days) |
| 1 | Procurement of Engineering Equipment | Bal/SHIKSHYA/ GOODS/ 01/2078/079 | 1000 | 1689260 | 45 days | 42500 | 75 days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of The Balshikshya higher Secondary school jhimruk 5, Pytuhan maling address balshikshya2018@gmail.com phone no 9866863175
3. A complete set of Bidding Documents may be purchased from the The Balshikshya higher Secondary school Jhimruk 5, Pytuhan by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till 2079/02/31 (A.D.2022/06/14 during office hours.

   *Bidders, submitting their bid, should deposit the cost of bidding document in the following account*

   *Name of the Bank:* Citizens Bank International Ltd Jhimruk Branch

   *Name of Office:* Balshikshya higher Secondary school jhimruk 5, Pytuhan

   *Account no.: 0750100000270201*
4. Sealed bids must be submitted to the Balshikshya higher Secondary school jhimruk 5, Pytuhan by *hand* before 12:00 on 2079/03/01(A.D.2022/06/15). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2079/03/01 (A.D.2022/06/15)At 14:00hrs on the Balshikshya higher Secondary school jhimruk 5, Pytuhan. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 42500, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Rishi ram pokhrel**
**Head teacher**

## Dhunibeshi Municipality

**Office of Municipal Executive**

**Dhading, Bagmati Province, Nepal**

### Invitation for Bid

**(First date of Publication: 2079/2/18**

Dhunibeshi Municipality, Dhading invites electronic bids from eligible bidders for the below listed assignments. Please refer to PPMO's Web Site http://www.bolpatra.gov.np/egp for details.

| S. N. | Contract ID No. | Name of Assignment | Cost of Bid Document (NRs.) | Bid Validity Period | Bid Security | | Estimated Amount with VAT |
|---|---|---|---|---|---|---|---|
| | | | | | Amount (NRs.) | Validity Period | |
